# संघीय संसद
# राष्ट्रिय सभा
# सोह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ०४ असार २०८१
# मङ्गलवार
# बैठक सङ्ख्या- १५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो।

**(१३:१९ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय आनन्द प्रसाद ढुंगाना।

**(१३:२० बजे)** **माननीय श्री आनन्द प्रसाद ढुंगाना (नेपाली काँग्रेस)**:- अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म सरकारको के ध्यानाकर्षण गराउन चाहन्छु भने मधेसबाट आज पच्चिस दिन हिँडेर पैदल पानी खान नपाएर महिला र जनताहरू यहाँ माइती घरमा धर्नामा बसेका छन्। तर यो सरकारले यस्तो संवेदनशील कुरा, खानेपानी जस्तो कुराको बारेमा आउँदाखेरि पनि चाहिँनी गएर सरकारले झण्डै ध्यान दिएको छैन। उनीहरूलाई वार्तामा बोलाएको छैन। आजको कान्तिपुरमा अध्यक्ष महोदय, सम्पादकीयमा लेखिएको छ कि यस किसिम यो चुरेको दोहनको कारणबाट जुन किसिमबाट चाहिँनी गएर पानीको चाहिँनी अभावहरू भएको छ। खानेपानी,

सिँचाइको त कुरै छोडिदिउँ। र यस्तो गर्मीमा मान्छेले खाने पानी पनि पाएको छैनन्। चुरे कोशी मेचीदेखुन् महाकालीसम्मका चुरे रेन्जमा तपाईंको दोहनको कारणबाट पानीको अभाव भएको छ। मान्छेले पानी खान पाइराखेका छैनन्। मान्छेले पैदल हिँडेर महिला ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य किरण बाबु श्रेष्ठ।

(१३:२१ बजे) **माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, देश भरका सरकारी कर्मचारीहरू न्यून तलबमा काम गरेको हामी सबैलाई थाहा छ। यस वर्षको बजेटमा नेपाल सरकारले उनीहरूको तलब वृद्धि र सेवा सुविधामा कुनै व्यवस्था गरेन। यसै सन्दर्भमा सङ्घीय संसद सचिवालयका कर्मचारीहरू विभिन्न एघार बुँदे माग राखी केही दिन यता आन्दोलनरत छन्। उनीहरूको जायज माग पूरा गर्न र सम्पूर्ण सरकारी कर्मचारीहरूको सेवा सुविधा वृद्धि गर्नको लागि सरकारको ध्यान जाओस् भन्ने अनुरोध गर्न चाहन्छु।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य जित जंग बस्नेत।

(१३:२२ बजे) **माननीय श्री जित जंग बस्नेत (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, ..... अगाडिको एउटा सूचना छ। २०८० साउन २१ गते आइतवार शिक्षा मन्त्रालयले सूचना निकाल्यो। राष्ट्रिय शिक्षा दिवस, २०८० को अन्तर्गत हौसला प्रदान गरिने नेपाल विद्या भूषण क, ख, ग, नेपाल छात्रवृत्ति विद्यापदक क र ख तथा नेपाल प्राविधिक विद्या भूषण अन्यन्त जरुरी सूचना विद्यार्थीहरूले फर्म भरे शिक्षा मन्त्रालयले दिने भनेर, पदक र सम्मान दिएन। कुरा के भन्नि हो भने सूचना पनि निकालेन शिक्षा मन्त्रालयले बजेट अभावको कारणले। साँच्चिकै त्यस्तो बजेट अभाव हो भने हाम्रो पारिश्रमिक भत्ता लिएर पनि दिनु पर्छ। आज मलाई हावर्डबाट पढ्ने विद्यार्थीले फोन गरेर मलाई यो पत्र पनि पठायो। हामीले नपाउने? हामीले देशको लागि पढ्यौं, आफ्नो लागि पढ्यौं। हामीले यति मेहनत गर्यौं। पढ्दाखेरि पनि नदिने यो राज्य के हेरेर बस्या छ? हामी के हेरेर बस्यौं? यसमा रुलिङ हुन जरुरी छ कि विद्यार्थीहरू जो जो हो पदक पाउने, सम्मान पाउने तिनीहरूलाई सम्मान गरियोस् भन्ने रुलिङ होस् भन्ने मबाट अध्यक्ष महोदयमार्फत ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य पदम बहादुर परियार।

(१३:२४ बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)**ः सम्माननीय अध्यक्षज्यू, स्वास्थ्य बिमा कार्यक्रमलाई नेपाल सरकारको अत्यन्तै सफल कार्यक्रमको रूपमा मानिन्छ। तर यही कार्यक्रम अन्तर्गतका स्थानीय तहमा बिमा गराउन सहयोग गर्ने दर्ता सहयोगीहरूले विगत एघार महिनादेखि पाउनु पर्ने प्रोत्साहन भत्ता बापतका रकमहरू नपाइरहेको र उनीहरूले पाउने रकमलाई बेरुजुमा धरी देखिएको र उनीहरू साह्रै समस्यामा परेको र स्वास्थ्य बिमा कार्यक्रमलाई यसले प्रत्यक्ष प्रभाव पारिरहेको सन्दर्भमा म सभाध्यक्ष महोदयमार्फत यो समस्याको तुरुन्त समस्याको समाधान खोजियोस् भनी सभाध्यक्ष महोदयमार्फत स्वास्थ्य बिमा बोर्डको ध्यानाकर्षण गराउन चाहन्छु। हवस् त धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य रुकमिणी कोइराला।

(१३:२५ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, अत्यन्तै दुःखद् खबर सुन्नमा आएको छ। यही जेठ ३२ गते राती परेको अबिरल वर्षाका कारण ताप्लेजुङको सिसुवा खोलामा आएको फक्ताङलुङ गा.वि.सका उपाध्यक्ष विकास साम्राको कान्छी आमा र दुईजना बहिनी गरी जम्मा ४ जना पहिरोमा परेर दुःखद् निधन भएको खबरले दुःखी तुल्याएको छ। भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै साथै क्षतिको अवस्था हेरी आवश्यक राहत उपलब्ध, व्यवस्थापन गर्न सरकारसँग माग गर्दछु। हवस्, धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य रेनु चन्द।

(१३:२६ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्षज्यू, सङ्घीय संसदका कामकार्यवाही तोकिएको कार्यालय समयभित्र मात्रै सञ्चालन नहुने भएकाले सचिवालयमा कार्यरत कर्मचारीहरूले अतिरिक्त समयमा समेत काम गर्नु पर्ने अवस्था रहेको छ। नेपाल आइएलओ कन्भेन्सन, १९३० को पक्ष राष्ट्र भएकोले उक्त कन्भेन्सनको नं. ३० को आर्टिकल ३ को व्यवस्था बमोजिम अतिरिक्त समय काम लगाए बापतको अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्था गर्नुपर्ने लगायतका ११ माग सङ्घीय संसद

सचिवालयका साथीहरूले राख्नु भएको छ। यो ध्यान चाहिँ यो मागहरू चाहिँ यथाशीघ्र पूरा हुन भनेर म अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। दोस्रो कुरा राष्ट्रिय सभा नियमावलीमा महिला समन्वय समिति बनाउने व्यवस्था रहेको छ। यो समिति अहिलेसम्म किन बनेन? यसको पनि जानकारी पाउँ र यो समिति पनि यथाशीघ्र बनाउनु पर्ने माग राख्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१३:२७ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, बाँके जिल्ला कोहलपुरकी वर्ष २२ की किशोरी सुमधारानीलाई २०८० बैशाख २८ गते राती निजको डेरामा पुगी बर्दियाको शैलेन्द्र थारुले जबरजस्ती बलात्कार गरी चक्कु प्रहार गरी हत्या गरेका प्रशस्त प्रमाणसहित पीडितले उजुरी गरेका १५ महिनासम्म पनि सुनुवाइ नभएपछि मृतककी आमा ललिता थारु छोरीको फोटो समाएर न्याय माग्दै गत १२ दिनदेखि माइती घर मण्डलामा धर्ना बसेकी छिन्। छोरी गुमाएको पीडा र न्याय नपाएको अर्को पीडाबाट आमा ललितालगायत आफन्तहरू अत्यन्तै विक्षिप्त अवस्थामा छन्। यसै सन्दर्भमा अपराधीलाई सजाय र पीडितलाई न्यायको माग राख्दै १२ दिनसम्म भोकै हडतालमा बसेकी महिला अधिकार मञ्चकी रुवी खान अहिले जीवन र मृत्युको दोसाँधमा वीर हस्पिटलको बेडमा हुनुहुन्छ। रुवी खानको जीवन रक्षा र पीडितलाई तत्कालीन न्यायको लागि सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१३:२८ बजे) **माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, ..... चिन्तक महामानव वीपी कोइरालाले भन्नुभएको एउटा कुरा यस सम्मानित सदनमार्फत राख्न गइरहेको छु। नेताहरूले जहिले पनि एक नम्बरमा राष्ट्रलाई, दुई नम्बरमा समाजलाई, तीन नम्बरलाई पार्टीलाई र चार नम्बरमा आफूलाई केन्द्रविन्दु गरेर कार्यक्रम गर्नुपर्छ भनेर भन्नु भएको कुरा हामी पढिरहेका छौं, बुझिरहेका छौं। हामी कहाँ संसारबाटै लोप हुँदै गएको राजनीतिक सिद्धान्तलाई आफ्नो मार्गदर्शक सिद्धान्त मानेर स्थापित हुने ठुला

राजनीतिक दलका ठुला नेताहरूको गठबन्धनको यो सरकार बनेको छ। यो सरकारले राष्ट्र र जनताको लाई कति नम्बरमा राखेको छ। त्यस्तै आफूलाई गणतन्त्र, लोकतन्त्रका अभिभावक भनेर ठुला भन्ने ठुला दलहरू ..... (समय सकिएको)

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

**(१३:२९ बजे) <u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सुनसरी जिल्ला इटहरी उपमहानगरपालिकाको एक दलित बस्तीलाई डुम समुदायको परम्परागत सीप विकास तालिम भन्यो। दोस्रोमा सुनसरी जिल्लाकै गढिमाई गा. पा. को अर्को दलित बस्तीलाई डुम समुदाय र महिलाहरूको परम्परागत सीप विकास तालिम भनिएको छ। तर यो डुम भनिनु दलित समुदाय माथिको अपमान हो। यो नेपालको संविधानको भाग ३ धारा २४ को उपधारा ३ को विपरीत छ। पश्चाताप गरी सुधार गरियोस्। सङ्घीय संसद सचिवालयका कर्मचारी युनियनको माग सम्बोधन होस्। यही नै। धन्यवाद।

**(१३:३० बजे) <u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्नेक्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु।

सर्वप्रथम माननीय सदस्य माया प्रसाद शर्मा समय ९ मिनेट। यसपछि माननीय सदस्य कृष्ण बहादुर रोकाय।

**(१३:३० बजे) <u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सिंहदरबारस्थित कार्यालयहरूमा काम गर्ने कर्मचारीहरू आन्दोलनमा हुनुहुन्छ। र उहाँहरूको बेतनको कुरा उठेको छ। घरभाडाको कुरा उठेको छ। र लामो समयसम्म तलबमानको कुरा उठेको छ र बाँकी समय काम गर्ने र त्यसको लागि सेवा सुविधाको कुरा उठेको छ। र यो ११ सूत्रीय माग राखेर आन्दोलनमा हुनुहुन्छ। उहाँको

मागतिर सरकारले ध्यान दिओस् र त्यो पूरा गरोस् भन्ने पहिलो कुरा राख्न चाहन्छु। दोस्रो कुरामा मेरो आफ्नो अहिले भूकम्पपीडित क्षेत्रमा हाम्रो समिति सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको समितिले त्यहाँको अनुगमन, निरीक्षण र त्यहाँका सीमा समस्याको अवलोकन र हेरविचार गर्न गएको थियो। र केही माननीयज्यूहरूले यहाँबाट जस्ताको तस्तै कुरा राख्नु भएको छ। म त्यसैमा विशेष केन्द्रित रहेर आफ्नो विषयवस्तुहरू राख्ने सोचिराखेको स्थिति छ।

र सम्माननीय अध्यक्ष महोदय, गत कार्तिक १७ गते जाजरकोटको बारेकोट केन्द्रविन्दु भएर गएको भूकम्पले धेरै क्षति पुऱ्याइराखेको स्थिति छ र हामीले सबै त्यसको लागि जानकार छौं। त्यसमा पश्चिम रुकुमको, सल्यानको दार्माकोट र वरपरका अन्य जिल्लाहरूमा पनि सानातिना केही प्रभावहरू पारेको छ। र एक ठिक महिना, त्यसको ठिक एक महिनाभन्दा अगाडि बाजुरा र बझाङमा गएको भूकम्पको क्षतिपूर्तिको विषय पनि त्यहीभित्र रहेको छ र त्यहाँ प्राप्त भएको स्थिति छैन। त्यहाँ करिब अठ्चालिस हजार जाजरकोटमा प्रभावित छन्। र रुकुम पश्चिममा बत्तिस हजार, सल्यानमा चार हजार गरेर स्कुलमा क्षति भएको घरको क्षति भएको पैंतिस हजार र आंशिक क्षति भएको, बस्नलाई मिल्ने, बाहिर देख्दा घर उभिएको तर भित्र मक्किसकेको स्थितिमा पैंतालिस हजार बराबरको घरहरूको स्थिति छ। त्यहाँ बस्न छैन। पहिलो चरणमा सरकारले खोज, उद्धार, उपचार, राहतमा अतुलनीय काम गर्यो। सबैभन्दा राम्रो नै काम गर्यो। त्यसपछि यताका दिनहरूमा केही समस्याहरू अवश्य पनि देखा परिआएका स्थिति छ। र भूकम्प जाने बित्तिकै सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, पूर्व प्रधानमन्त्रीज्यूहरू र मन्त्रीहरू, समितिका सबै समितिका समितिहरू सबै उपस्थित भएर त्यसको विशेष गरेर त्यसको जानकारी लिने कुरा भयो। त्यसको हल भएको भए त्यो अलि सजिलो हुन्थ्यो। तर त्यो हल नहुने भन्दा अलिकता ..... जस्तो भान त्यहाँका जनतालाई भएको छ। त्यही जाजरकोट जिल्लाबासी भएका कारणले त्यहाँको यथार्थ जानकारी त्यहाँ समस्या त्यहाँको समाधान त्यसको समस्याहरू प्रत्यक्षरूपले त्यसको मारमा परेको हुनाले पनि त्यसको सेवाग्राहीका हिसाबले, लाभग्राहीका हिसाबले समस्याका हिसाबले पनि त्यहाँ केन्द्रित भएका कारणले मलाई राम्रोसँग थाहा छ। त्यहाँको घरघरमा अहिले खानेपानीको समस्या छ र पुराना मूलहरू सुकेको स्थिति छ। र गाउँ नै सर्नु पर्ने स्थिति देखा परेको छ। विद्यालयहरू भग्नावशेष स्थितिमा छन्। र त्यहाँ कुनै संघ संस्थाहरूले दिएका पालमुनि बसेर सानो भेरीलगायतका ठाउँहरूमा पालमुनि बसेर विद्यालयहरू चलाइराखेको स्थिति छ। र बाटो घाटोहरू एकदमै समस्यामा छ। विद्युतको समस्या छ। र सञ्चार क्षेत्रहरू पनि अवरुद्ध नै छन्। र त्यसको एउटा अप्ठ्यारो परिस्थिति छ भन्न पनि एकदम अप्ठ्यारो छ।

हामी सल्यान, रुकुम, जाजरकोटका तीनवटै जिल्लाहरूमा मुख्य ठाउँहरूमा गएर त्यहाँको सरोकारवालासँग छलफल बहस गर्‍यौं। त्यहाँ तीनै जिल्लाको सीडीओ साबहरूले समन्वय गरिदिनु भयो। समायोजन गरिदिनु भयो। समितिको तर्फबाट हाम्रा कुरा राख्यौं, सुन्यौं र त्यहाँको एकदमै दर्दनाक परिस्थितिलाई हामीले हेर्‍यौं भने सरकारको बारेमा केही प्रश्नहरू उठाउनु पर्ने, उठ्नु पर्ने जरुरी छ। यो समस्या आउने समाधानलाई अलिकति पछाडि धकेल्ने काम त्यति धेरै राम्रो काम हो जस्तो मलाई लाग्दैन। त्यसका बारेमा जसरी एकदम समस्या पहिलो चरणको पच्चिस हजार दिने भनेको थियो त्यो साना टहरा बनाउनका लागि त्यो सबैले प्राप्त गरेको स्थिति छ। र त्यसपछि दोस्रो किस्तामा केही कार्यविधिका समस्याहरू छन्। त्यहाँ एक भग्नावशेष घरहरू छन्। त्यही बाख्रापाठा पाल्ने, गाई पाल्ने, वस्तु राख्ने, कहिलेकाँही समस्या परेको बेला आफू पनि बस्ने स्थिति छ। तिनलाई भत्काएको फोटो राखे मात्र दोस्रो किस्ता पाइन्छ भनेर आज भएका घरहरू पनि, उभिएका घरहरू पनि भत्काउने जस्तो कार्यविधिले त्यहाँ समस्या उत्पन्न पारेको छ। त्यसलाई हल गर्नु पर्छ। र दोस्रो किस्तामा रुकुम पश्चिमको आठबिसकोट र सानो भेरीमा केही रकम गएको छ। त्यहाँ पनि त्यही रकम त गएको छ पालिकामा तर के छैन भन्दाखेरि वितरण गर्ने मापदण्डका हिसाबले अहिले केही अप्ठ्यारो परेको स्थिति त्यहाँ देखिन्छ र भूकम्प पीडित क्षेत्रको जुन प्रकारको जुन क्षति छ। त्यो क्षतिलाई सम्बोधन गर्नका लागि जुन रकम छुट्याइएको छ। त्यो अपर्याप्त छ। जस्तै मान्छेको हिसाबले हेर्‍यौं भने हामीले घरहरूको हिसाबले हेर्‍यौं भने लाभग्राहीको हिसाबले हेर्‍यौं भने असी/पचासी हजारको हारहारीमा आउँछ। र त्यहाँ रकमको हिसाबले एक्काइस अर्ब साठी करोड हो जस्तो लाग्छ मलाई त्यसैको वरिपरि छ। त्यतिका रकम छ तर अपुग छ। र फेरि पनि निरन्तरतामा जाला। तर पनि के छ भने रकम अपुग नभएको स्थिति छ। कार्यविधि पनि कस्तो छ भने अपूर्णता जस्तो छ। अप्ठ्यारो जस्तो छ। कार्यविधि सरल समस्या हल गर्ने गरी गराउनु पर्‍यो।

जहाँ भूकम्प गएको छैन त्यहाँ प्राथमिक जिल्ला, जहाँ भूकम्प गएको छ, पैसा दिनुपर्ने छ। त्यसलाई दोस्रो जिल्ला र फेरि त्यसलाई पनि के गर्ने भने सङ्घ, प्रदेश र पालिकामा विभाजन गरेर सङ्घले ५०%, प्रदेशले ३०%, पालिकाले २०% भनेर जहाँ रकमै छैन। रकमको अहिले ..... समानीकरणको रकमहरू काटेर उतै एउटा प्रदेश पालिकामा समस्या परिराखेको स्थिति छ भने थप आज हो उसको भूकम्प पीडितहरूका लागि राहत दिने भयो भने पालिकाले सक्दैन। प्रदेशले पनि त्यहाँको आय स्रोतको हिसाबले सक्दैन। त्यो सङ्घको काम भएको कारणले त्यसलाई तल सारेर हुँदैन। र त्यसलाई समायोजन गर्ने काममा सहयोग गर्ने, त्यसको हेरफेर गर्ने त ठिकै छ। समन्वयकारी भूमिकाका हिसाबले सङ्घ, प्रदेश र पालिकालाई समन्वयकारी

बनाउनुपर्छ। तीनवटै सरकार क्रियाशील हुनुपर्छ, active हुनुपर्छ। तर के हुन्न भने रकमका हिसाबले सङ्घले नै गर्नु उपयुक्त हुन्छ जस्तो लाग्छ। र त्यहाँ केही समस्याहरू अर्को पनि के छ भने कार्यविधिका हिसाबले अस्पष्ट कार्यविधिले काम गर्न गाह्रो हुन्छ। स्पष्ट कार्यविधि बनाइदिनु पर्यो। रकम कतिबेला जाने हो। कहाँ जाने हो। कलाई जाने हो। र अहिले वर्षा हिउँद पनि त्यहाँ पालमुनि कटाए। अब वर्षा लागिसकेको छ। त्यता अझै यता ढिलो पूर्वीतिरबाट मनसुन आएको हुनाले अलिअलि केही दिन पछि अब भयो भने पनि अलि सजिलो श्वास फेर्न पाएको स्थिति छ। अलिअलि ढिलो गइदिए हुन्थ्यो भने जस्तो पनि देखिन्छ। र मनसुन त्यहाँ गयो भने अब त्यहाँको स्थितिको हिसाबले बडो खतरनाक स्थिति छ। जहाँ केही पालिकाहरू, केही वडाहरू भने भत्किएका छन्। आठबिसकोटको, रुकुम पश्चिमको आठबिस कोटको तेह्र नम्बर वडामा बसोबास गर्ने स्थिति छैन। जाजरकोट जिल्लाको नलगाड नगरपालिकाको एक नम्बर वडा तीनवटा बस्तीहरू छन्। एक नम्बर वडाभित्र चिउरी, कलपट, पाली त्यहाँ जमिन भत्किएको छ। पानी पर्ने बित्तिकै त्यो पहिरो जाने र त्यहाँको बस्तीहरू जोखिमको स्थितिमा रहेको देखिन्छ। त्यसलाई हामीले समस्यालाई कसरी हल गर्ने? त्यहाँको विशेष गरेर भूकम्पको अवस्था, स्थिति र त्यहाँको भूगोलको हिसाबले भूकम्पविद्हरूलाई लिएर त्यसलाई जाँच पडताल गरेर त्यहाँ बस्न मिल्छ या मिल्दैन भन्ने कुरा सरकारले भनिदिए पछि त्यहाँका मान्छेलाई बस्ने मान्छेलाई पनि सजिलो हुने वा अन्यत्र कहीँ जानका निमित्त बाँच्नका निमित्त अन्यत्र पनि जानु पर्यो। त्यसको सजिलो हुन्थ्यो जस्तो लाग्छ। अर्कोतिर हामीले हेर्यौं भने अलिकता यो दोस्रो किस्ताको रकम जो छ। यसलाई सरल गरेर जाने बनाइदिनुपर्यो र टहराहरूलाई पनि निर्माण गर्नेतिर लिनुपर्यो। घरको नक्सा दिएर आफूले सरकारले यति यस्तो नक्सा बनाउँ त्यो अनुसारको रकम तिमीहरूले बनाउँ भनेपनि धेरै मान्छेले बनाउँथे। रकम पनि नपठाउने घर बनाउँ पनि नभन्ने गर्दाखेरि केही समस्याहरू छन्। बनाउनका निमित्त स्वीकृति दिने राहतका हिसाबले चाहिँ त्यसको परिपूर्ति गर्दाखेरि सजिलो हुन्छ र त्यो गर्दा अलिकता बनाउनेलाई सजिलो हुन्छ। अर्कोतिर त्यहाँबाट हामीले राहत दिने जो भनेको छ ..... (समय सकिएको)

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य कृष्ण बहादुर रोकाय। समय १२ मिनेट। यसपछि माननीय सदस्य देवेन्द्र दाहाल।

**(१३:४० बजे)** <u>**माननीय कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)**</u>:- सम्माननीय सभामुख महोदय, आज २०८० कार्तिक १७ गते राती जाजरकोटको रामीडाडाँलाई केन्द्रविन्दु बनाई

गएको विनाशकारी भूकम्प गएको आज करिब करिब सात महिना उन्नाइस दिन भयो। र यतिबेला त्यहाँका भूकम्प पीडित परिवारको लागि अस्थायी टहरा निर्माण सम्पन्न गरेर पुनर्निमाणका कामहरू सम्पन्न भइसक्नु पर्थ्यो र हामीले त्यो खालको अपेक्षा गरेका थियौं। र त्यहाँ भर्खर मात्रै राष्ट्रिय सभाको जुन समितिका माननीयज्यूहरू त्यहाँ पुगेर तीनवटै जिल्लामा स्थलगत त्यहाँको चाहिँ भ्रमण गरेर, अनुगमन गरेर पनि आउनु\\]भो जसको रिपोर्ट अहिले हामीले सुन्यौं। सम्माननीय अध्यक्ष महोदय, २०८० कार्तिक १७, गते राती जाजरकोटको रामीडाडाँलाई केन्द्रविन्दु बनाई गएको विनाशकारी भूकम्पका कारण जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लामा ठुलो धनजनको क्षति हुन पुग्यो। जाजरकोटमा १०१ जनाको मृत्यु करिब ३०० जना घाइते, रुकुम पश्चिममा ५३ जनाको मृत्यु करिब ४०७ जना घाइते भएका थिए। उक्त भूकम्पबाट जाजरकोटमा ४८,००० घर, रुकुम पश्चिममा ३५,००० घर र सल्यानमा ४२८० घर पूर्णरूपमा क्षतिमा परेका छन्। त्यस्तै जाजरकोटमा सरकारी भवन १७, विद्यालय भवन २५० र स्वास्थ्य भवन ३३ मा क्षति पुगेको छ। रुकुम पश्चिममा विद्यालय भवन २६८ स्वास्थ्य भवन चाहिँ ३० वटाको पूर्णरूपमा क्षति भएका छन्।

सम्माननीय अध्यक्ष महोदय, भूकम्प गएको खबर प्राप्त हुने बित्तिकै सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार गम्भीर भई रातीदेखि नै उद्धार कार्यमा स्थानीय सरकार, स्थानीय प्रशासन, स्थानीय राजनीतिक दलको उद्धार कार्यप्रति देखिएको सक्रियता प्रशंसनीय रह्यो। १८ गते बिहान नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" सम्बन्धित जिल्लाका प्रभावित क्षेत्रमा पुगिसक्नु भएको थियो भने उपप्रधानमन्त्री तथा रक्षा मन्त्री माननीय पूर्णबहादुर खड्का कर्णाली प्रदेशको राजधानी सुर्खेत विमानस्थलमा बिहानैदेखि सम्बन्धित क्षेत्रमा हेलिकप्टद्वरा औषधिसहितको चिजहरूको टिम पठाउने, उक्त हेलिकप्टरबाट घाइते र उद्धार, उपचारको लागि प्रदेश अस्पताल सुर्खेतलगायतका अस्पतालहरूमा पठाउने कार्य भएको थियो। सरकार तत्कालै उद्धार कार्यमा जुटेका कारण थप मानवीय क्षति हुनबाट बचेको थियो। साथै मृतहरूका शवहरू तत्काल पायक पर्ने हस्पिटलमा जम्मा गरी कानुनी प्रक्रियालाई सहज बनाई पोष्टमार्टममार्फत समयमै आफन्तलाई बुझाएर सदगत कार्य छोटो समयमा समपन्न भएको थियो।

सम्माननीय अध्यक्ष महोदय, सरकारको तर्फबाट उद्धारमा देखिएको यो प्रशंसनीय कार्यको लागि म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" तत्कालीन उपप्रधानमन्त्री तथा रक्षा मन्त्री माननीय पूर्ण बहादुर खड्का तत्कालीन कर्णाली प्रदेश सरकार, स्थानीय सरकार, राजनीतिक दल, स्थानीय प्रशासन, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, रेडक्रस, गैरसरकारी संघ संस्था एवम् पत्रकारहरूलाई म हार्दिक धन्यवाद दिन चाहान्छु।

सम्माननीय अध्यक्ष महोदय, घाइतेहरूको उद्धार र मृतहरूका शवहरू सदगत पश्चात भूकम्पका कारण घर भत्कदा चेपिएका पशुचौपायाहरूलाई तत्काल निकाली व्यवस्थापन गर्नु, नागरिकका अनाजलगायतका अन्य समपत्तिको व्यवस्थापन र उच्च जोखिममा परेका घरहरू भत्काउनु पर्ने अर्को जोखिम र जटिल कार्य थियो। थुप्रै परिवारहरू घरबार विहीन भएर विचल्लीमा थिए भने सुत्केरी महिला, वृद्धवृद्धा, बालबालिका र बिरामीहरूको अवस्था अर्को मानवीय संवेदनशील विषय थियो। सरकारले अस्थायी टहरा निर्माणको लागि तत्काल प्रति परिवार पच्चिस/पच्चिसका दरले दुई किस्तामा गरी रु पचास हजार दिने निर्णय गर्‍यो। झन्झटिलो सरकारी प्रक्रियाका कारण आज प्रति परिवार पहिलो किस्ता रु. पच्चिस हजार प्राप्त गरे भने अझै पनि सबै परिवारले दोस्रो किस्ता रु पच्चिस हजार प्राप्त गर्न सकेका छैनन्।

सम्माननीय अध्यक्ष महोदय, आज भूकम्प भएको ठिक सात महिना उन्नाइस दिन पुग्यो। यस वर्षको मनसुन प्रारम्भ भइसकेको छ। मौसमविद्का अनुसार गतवर्ष भन्दा नेपालमा अत्यधिक वर्षा हुने र उक्त वर्षाका कारण अठार लाख मानिसहरू बाढी, पहिरो र डुबानका कारण प्रभावित हुने भनिएको छ। यो मुलुकमा सरकार राज्य छ भन्ने अनुभूति नागरिकले कसरी कस्तो अवस्थामा गर्न पाउने हुन? नागरिक अप्ठ्यारोमा परेको बेलामा नै राज्य चाहिने हो। राज्य नागरिकको लागि अभिभावक हो। यस्तै अप्ठ्यारो अवस्थामा नै राज्यले अभिभावकीय भूमिका निर्वाह गर्नु पर्दछ। नागरिकलाई राज्य छ भनेर अनुभूति दिलाउनु सक्नु पर्दछ। अनि मात्र नागरिकलाई राज्यप्रति र सरकारप्रति विश्वास पैदा हुने हो। आज ती कैयौं अस्थायी टहराहरू पनि हावाहुरीले क्षति पुर्याइदिएको छ। केही नागरिकहरू अस्थायी टहरामा आगलागी हुँदा घाइतेसमेत भएको अवस्था छ। ती अस्थायी टहरामा बस्ने सुत्केरी महिला, बालबालिका, वृद्धवृद्धाको जीवन कष्टकर बन्दै गएको छ भने अझ वर्षादका कारण ती परिवारको अवस्थाको बारेमा सरकार जानकार छ कि छैन? सरकार भूकम्प पीडितप्रति संवेदनशील छ कि छैन? भूकम्पका कारण कयौं बस्तीहरू उच्च जोखिममा छन्। ती जोखिम बस्ती भूगोलमा बसिरहेका नागरिक उच्च जोखिममा छन्। वर्षात्का कारण ती भूगोलमा पहिरो जाने प्रवल संभावना छ। यसमा सरकारको तयारी के छ? यसका लागि म सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, आज सैयौं विद्यालयका बालबालिका त्रिपालमुनि पढिरहेका छन्। ती बालबालिकाको वर्षादमा पढाइ कसरी हुन्छ? भूकम्पले त्रसित बालबालिकाको मनस्थिति के हुन्छ? पुनर्निमाणसम्बन्धी हालसम्म कार्यविधि नबन्दा कहिलेसम्म पुनर्निमाणको कार्यसम्पन्न भई नागरिक घरभित्र बस्न पाउने हुन? पुनर्निमाणसम्बन्धी बनिरहेको कार्यविधि पनि

अस्पष्ट र झन्झटिलो देखिन्छ। झन्झटिलो कार्यविधि र प्राविधिक जनशक्ति नहुँदा समय मै पुनर्निमाण कार्यसम्पन्न हुने अवस्था देखिँदैन। सरकारले हालसम्म पुनर्निमाणसम्बन्धी कार्यविधि निर्माण गर्न नसक्दा पुनर्निमाण कार्यमा अझै ढिलाइ र अनिश्चित बढ्ने खतरा देखिएको छ। सरकारले पुनर्निमाणका लागि प्रति परिवार कहिले छ लाखका दरले दिने त कहिले पाँच लाखका दरले दिने भनेर यकिन भइसकेको छैन। अहिले पनि यकिन भइसकेको छैन। आज तीन जिल्लाका झण्डै सतासी हजार दुई सय असी घर पुनर्निमाण गर्नुपर्ने देखिन्छ। पाँच लाखका दरले मात्रै सरकारले दिने निर्णय गर्ने यदि गर्ने हो भने पनि त्रिचालिस अर्ब चौंसट्ठी करोड बजेट लाग्ने देखिन्छ। जब कि सरकारले बजेटमा एक्काइस अर्ब साठी करोड मात्र विनियोजन गरेको छ। त्यसमा पनि प्रथम, दोस्रो र तेस्रो गरी तीन किस्तामा दिने नीति बनाउँदै गरेको बुझिन्छ। त्यसो गर्यो भने आज करिब आठ महिना पुग्दा समेत अस्थायी टहरा निर्माण कार्य नै सम्पन्न भइसकेको छैन। र सरकारले बजेट पनि दिन सकेको छैन भने पुनर्निमाण कार्य कति वर्षमा सम्पन्न गर्ने लक्ष्य सरकारले राखेको हो? आज भूकम्पका कारणले दुवै अभिभावक गुमाएका थुप्रै बालबालिकाहरू छन्। यी बालबालिकाहरूलाई निःशुल्क पठनपाठनका लागि सरकारले जिम्मा लिनु पर्दछ। त्यसरी घाइतेहरूका जीवनयापनका लागि पनि सरकारले रोजगारीलगायत आर्थिक सहयोगका कार्यक्रमहरू ल्याउनु पर्दछ।

र सँगसँगै जहाँ चाहिँ त्यस्ता चाहिँ बस्तीहरू छन्। जहाँ चाहिँ भोलि पहिरो जाने जहाँ चाहिँ भूगोल कमजोर भएका बस्तीमा तत्कालै चाहिँ त्यस्तो चाहिँ भूगर्भविद्हरू चाहिँ लिएर त्यसको चाहिँ एउटा मूल्याङ्कन गरेर ती बस्तीहरूको पहिचान गरेर यो वर्षात् भन्दा अगाडि नै त्यो बस्तीहरूलाई अर्को ठाउँमा सिफ्ट गर्ने त्यो व्यवस्था चाहिँ सरकारले गर्नुपर्दछ।

सम्माननीय अध्यक्ष महोदय, सरकारको ध्यान नयाँ नयाँ पिरती लगाउनेतिर बढी केन्द्रित हुनु भन्दा भूकम्पपीडित परिवारको पुनर्निमाणको लागि शीघ्रातिशीघ्र सरल र स्पष्ट कार्यविधि निर्माण गरी पुनर्निमाण कार्य समयमा सम्पन्न गर्नेतिर ध्यान जाओस् भन्ने म सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य देवेन्द्र दाहाल। समय १५ मिनेट। यसपछि माननीय सदस्य उदय बहादुर बोहरा।

(१३:४९ बजे)**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी यो सदनमा विशेष समयमा केही विषय राख्न लागिराखेका छौं। केही माननीयज्यूहरूले राखिसक्नु भएको छ। सर्वप्रथम त म सङ्घीय संसदका कर्मचारीहरूले जो आफ्ना मागहरू राखेर आन्दोलनरत हुनुहुन्छ। काममा बाधा नपर्ने गरी अहिलेसम्म उहाँहरू आन्दोलनरत हुनुहुन्छ। उहाँहरूले मागेका मागहरूको म पूर्ण समर्थन गर्दछु। र उहाँहरूका मागहरू यथाशक्य सरकारले छिटो भन्दा छिटो पूरा गर्नुपर्छ भनेर म सरकारसँग आग्रह गर्न चाहन्छु। र उहाँले धेरै मागेको जस्तो पनि लागेको छैन। उहाँहरूले ओभर टाइम खटेको पैसा यो संसारभरिकै नियमले नै पनि दिनुपर्ने हो। र उहाँहरूको जागिर भनेको चाहिँ उहाँहरूको सेवा भनेको चाहिँ बन्द सेवा हो। उहाँहरूले त्यो संसद सचिवालय अथावा संसदभन्दा बाहिर उहाँहरूले जान पाउनुहुन्न। त्यसले गर्दाखेरि स्वाभाविकरूपले उहाँहरूले घरभाडाको कुरा छ। शैक्षिक भत्ताको कुरा छ। काठमाडौं राजधानी जस्तो ठाउँमा बसेर महङ्गो ठाउँ छ। गर्नुपर्ने सेवा भएको कारणले गर्दाखेरि उहाँहरूले ती सबै कुराहरू चाहिँ जायज नै राख्नुभएको मलाई लाग्छ। त्यस कुरालाई सरकारले सम्बोधन गर्नु पर्छ। उहाँहरूसँग वार्ता गरेर भनेर म आग्रह गर्न चाहन्छु। र आज म अरू केही विषयमा बोल्न लागिरहेको छु।

यो हामी सधैंभरि यो सदनमा उभिएर अरूतिर पनि संविधानको रक्षा र कार्यान्वयनको कुरा गर्छौं। र संविधानको रक्षा र कार्यान्वयन गर्नका लागि यो संविधानको रक्षा गर्नका लागि र यसको कार्यान्वयन गर्नका लागि चाहिँ केही विषयहरू हामी आफूले पनि आत्मसात् गर्नुपर्ने विषय छ। र जनतालाई सम्बन्धित निकायलाई हामीले बुझाउनु पर्ने र शिक्षित गर्नु पर्ने विषयहरू पनि छन्। संविधानको रक्षाको लागि सबै जिम्मेवार हुनुपर्ने। र यहाँ म के सुन्छु भने आफू आफूले दावी गरेको सुन्छु। संविधानको रक्षाको लागि यसको रक्षक चाहिँ हामी मात्रै हुँ भनेर केही साथीहरूले बोलेको मात्रै देखिन्छ। तर संविधान ल्याउनको लागि हामी सबैको भूमिका छ। भन्नाले प्रजातन्त्रको लागि, लोकतन्त्रको लागि, गणतन्त्रको लागि, लोकतान्त्रिक गणतन्त्रको लागि लडेका सबै दलहरूको यसमा भूमिका रहेको छ। त्यसले गर्दाखेरि यसको रक्षा गर्नको लागि हामी सबैले जिम्मेवार हुनुपर्छ। दोस्रो सङ्घीयताको मर्म अनुसार काम गर्नु पर्छ। सङ्घीयताको मर्म अनुसारको काम गर्नका लागि माथिबाट पनि आफ्ना अधिकारहरूलाई ठिक ढङ्गले प्रयोग गर्ने र तलबाट पनि आफ्ना अधिकारहरूलाई ठिक ढङ्गले प्रयोग गर्ने। यो गरिएन भने देखि यो सङ्घीयताको मर्म अनुसार काम भएन भनेर बोल्नुको पनि खास अर्थ हुँदैन। त्यसैले गर्दा तल पनि कतिपय कुराहरूमा चाहिँ आफ्नो अधिकारभन्दा बाहिर गएर काम गरेको हामीले उदाहरण देखेका छौं।

जस्तो उदाहरणको रूपमा मधेस प्रदेशले अहिले हामीले मिडिया काउन्सिल विधेयक छलफल गरिरहेका छौँ। मिडिया काउन्सिल विधेयक उहाँले बनाउनु भयो रे। मधेस प्रदेशले त्यो बनाउनु पाउने हो कि होइन भन्दाखेरि मैले यहाँ यसो हेरे। यो सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा पर्छ जस्तो मलाई लाग्यो। यसमा चौध नम्बरमा सञ्चार माध्यमसम्बन्धी भनेर एउटा अधिकार छ। सङ्घको एकल अधिकारमा दूरसञ्चार, रेडियो frequency बाँटफाँट, रेडियो टेलिभिजन आदि छ। प्रदेशको एकल अधिकारमा रेडियो, एफएम, टेलिभिजन सञ्चालन भन्ने छ। स्थानीय तहको एकल अधिकारमा एफएम सञ्चालन भनेर भनेको छ।

त्यसले गर्दाखेरि मैले एउटा विषयमा मात्रै केन्द्रित भएर भन्दै छु। सङ्घले पनि आफ्ना अधिकारका क्षेत्रभित्रका कामहरू मात्रै गर्नुपर्यो। र प्रदेशले पनि आफ्नो अधिकार क्षेत्रभित्रको मात्रै पनि कामहरू गर्नुपर्यो। र जुन संयुक्त अधिकारका अथवा साझा अधिकारका कामहरू छन्। त्यो चाहिँ सङ्घले पहल गर्नुपर्ने भन्ने खालको कुरा छ। त्यसले गर्दा यस्ता सवालमा ध्यानदिनुपर्ने दोस्रो कुरा मैले यो भने।

तेस्रो कुरा भनेको संविधान अनुसार बन्न बाँकी रहेका कानुनहरू निर्माण गर्नुपर्ने। हामीले यो सङ्घीयता कार्यान्वयन गर्नका लागि यो संविधानलाई रक्षा गर्नका लागि र यो संविधानका प्रावधानहरूलाई कार्यान्वयन गर्नका लागि त कानुन निर्माण गर्नुपर्यो। र त्यो कानुन निर्माण गर्नका लागि हामीहरूले यसै सभामा एउटा विधायन व्यवस्थापन समितिको उपसमिति बनाएर चाहिँ केही सुझावहरू दिएका थियौं। र त्यो सुझावहरूको सन्दर्भमा मैले एउटा प्रश्न मैले गर्न लागि रहेको छु। यो काम चाहिँ अहिलेसम्म भट्याउँने काम मात्रै गयौं तर सरकारले चाहिँ यस सम्बन्धमा यस सम्बन्धित निकायले र सरकारले चाहिँ के काम गरिरहेको छ त। बयालिसवटा कानुन त immediate बनाउने तत्कालीन बनाउने भनेर भन्याथ्यो। ती बयालिसवटा कानुनहरूको अवस्था के छ? त्यसको सूचीकृत कसरी गरेको छ? र सूचीकृत गरेर क्यालेण्डर नै बनाएर कानुनहरू निर्माण गर्न पर्छ भन्ने हाम्रो माग रहेको छ। त्यस सन्दर्भमा सरकारको के तयारी छ? किनभने बयालिसवटा कानुनहरू तुरुन्तै बनाउनु पर्ने भनेको थियो र उन्नाइसवटा चाहिँ मौलिक हकसँग सम्बन्धित कानुनहरू मात्रै छन् भनेर त्यसमा भनेको थियो। त्यसले गर्दाखेरि यी तीवनटा विषयमा ध्यान दियौ भने संविधानको रक्षा र कार्यान्वयनमा सहजता आउँछ। यो काम हुन सक्छ भन्ने मलाई लाग्छ।

अब सङ्घीय संसदले कानुन बनाउने कुराको सन्दर्भमा एक दुईवटा कुरा राख्न चाहन्छु म। त्यो के हो भन्दाखेरि २.५ वर्षको अवधि अथवा लगभग दुई वर्ष र केही समयको अवधिलाई हेर्ने हो भने एघारौं अधिवेशन देखि अहिले यो सोह्रौं अधिवेशन भयो। र खासगरी भन्ने हो भने एघारौं

अधिवेशन देखि पन्ध्रौं अधिवेशनसम्मको अवस्थालाई मैले हेरे। हेर्दाखेरि के देखियो भने एघारौं अधिवेशनमा चालु चाहिँ कति दिन भएछ भने बयानब्बे दिन चालु भएछ तर जम्मा जम्मी बैठक दुई दिन बसेछ। र त्यसमा एउटा सङ्कल्प प्रस्ताव पास भएछ र विधेयक चाहिँ जिरो। कुनै पनि विधेयक बनेनछ। र बाह्रौं अधिवेशन एक सय तेइस दिन चालु भएछ। र चौवालिस दिन चाहिँ चवालिस दिन मात्रै बैठक बसेछ। तेह्रौ अधिवेशन एक सय दश दिन चालु भएछ। तर अठार दिन मात्रै बसेछ। चौधौं अधिवेशन एक सय असी दिन बसेछ अथवा चालु भएछ। उन्चालिस दिन मात्रै बसेछ। पन्ध्रौं अधिवेशन उन्तिस दिन चालु भएछ र नौ दिन मात्रै बसेछ। मैले यो विषय किन भनेको भने टोटलमा हेर्ने हो भने पाँचसय चौंतिस दिन सदन चालु हुँदाखेरि एक सय बाह्र दिन अथवा जम्मा जम्मी २१% दिनहरू मात्रै बैठक बसेछ। र के भएछ यस बिच भन्दाखेरि एघारवटा विधेयकहरू दर्ता भएछन्। प्रमाणीकरण बाह्रवटा भएछन्। भनेको त्यो प्रमाणीकरण त पहिले देखि नै छलफलमा आएका विभिन्न चरणमा छलफल भएका विधेयकहरू हुन्। अनि हामी कानुन बनाउँदा के गर्दा रहेछौं भने। यो लुडो खेल्दाखेरि के हुन्छ भने लुडो खेल्दाखेरि माथिसम्म पुगेको हुन्छ। त्यो सर्पको मुखमा परेपछि तल झर्छ फेरि। यो के देखियो भने त्यस्तै लुडो खेल जस्तै रहेछ। र

यसै बिचमा विधेयक प्रस्तोताबाट आठवटा विधेयक फिर्ता भएछन् फेरि। सदनमा प्रस्तुत गर्ने अनि आठवटा विधेयकहरू फिर्ता भएको अवस्था रहेछ। त्यसैले गर्दाखेरि यो कानुन बनाउने कुरा पनि यो भनाइमा मात्रै छ तर गराइमा चाहिँ खासै नभएको पाइयो। अर्को कुरा विधेयकलाई कतिको महत्त्वपूर्ण दिन्छौ भन्ने कुरा एउटा म एउटा उदाहरण भन्न चाहन्छु। र यो कानुनी र संवैधानिक पनि समस्या रहेको छ। यो राष्ट्रिय सभालाई अधिकारहरू केही सङ्कुचित गरिएको कारणले गर्दाखेरि नि यस्तो समस्या भएको छ। हामी राष्ट्रिय सभाले गर्न खोज्दा पनि गर्न नसक्ने अवस्थामा पनि छौं कतिपय कुराहरूमा। हामीले यो भ्रष्टाचार निवारण र अख्तियार अनुसन्धान आयोगसम्बन्धी विधेयक चाहिँ पारित गर्यौं। अथवा पारित गर्नुभन्दा पहिल्यै समितिबाट छलफल गरेर यो सभामा ल्यायौं। यो सभामा ल्याएर नै झण्डै एक वर्ष राखिएछ। किन राखियो त भन्दा यहाँबाट प्रतिनिधि सभामा पठायो भने प्रतिनिधि सभाको चाहिँ छलफल गर्दा गर्दै त्यो समय सकियो भने त त्यो त फेरि जिरोमा आउने स्थिति हुन्छ भनेर हामीले त्यसलाई रोकेर राख्यौ। अर्को नयाँ चुनाव भइसकेपछि हामीले त्यो पठायौं। त त्यो पठाएको पनि एक वर्ष तीन महिना भइसकेछ। तर यिनीहरूको सम्बन्धमा समितिमा छलफलसम्म सुरु भएको छैन भन्ने बुझिन्छ।

मैले यो विषय किन उठाएको भने कानुन निर्माणको सन्दर्भमा पनि हामी एकदमै निराशाजनक अवस्थामा छौं। हामीले गर्ने काम पनि गरेका छैनौ। सरकारले गर्ने काम पनि

गरेको अवस्था छैन। र अर्को कुरो यो सदनबाट पठाइएको राष्ट्रिय मर्यादासम्बन्धी विधेयक अहिलेसम्म प्रतिनिधि सभामा छलफलमा आएको छैन। यहाँबाट हामीले सर्वसम्मतरूपमा सबै दलको सहमतिबाट पठाएको विधेयक त्यहाँ छलफल हुन सुरु गरेको छैन। यस कारणले गर्दा यो संविधानको रक्षा, संविधानको परिपालना, कार्यान्वयनका कुराहरू गर्दाखेरि यी सवालहरूमा पनि छलफल गर्नु पर्छ भन्ने मलाई लागेको छ।

सम्माननीय अध्यक्ष महोदय, म अलिकति अर्को एउटा विषयमा कुरा गर्न लागि रहेको छु। हामी यतिबेला मिसन चौरासी को कुरा गरिरहेका छौं। मिसन चौरासीको बारेमा पनि कति पय माननीयज्यूहरूले अलि भिन्नै ढङ्गले मिसन चौरासी भनेको के होला भन्ने कुराहरू जो गर्नुभा'छ। र यस सन्दर्भमा म आफ्नो धारणा राख्न चाहन्छु। एउटा नारा छ अहिले। "समृद्ध नेपाल, सुखी नेपाली" यो एउटा नेपाली जनताका चाहनाहरूलाई पूरा गर्ने नारा हो। चाहना र परिकल्पनालाई कसरी पूरा गर्न सकिन्छ? फेरि यो नाराहरू मात्रै होइन। यो समाजवाद उन्मुख राज्य व्यवस्था स्थापना गर्ने कार्यक्रमहरू हुन् र यो नारा साकार हुँदा समाजवादको आधार तयार हुन्छ। समाजवादसम्म पुग्ने बाटो खुला हुन्छ। समाजवाद समाजवाद भनेर हामीले नारा मात्र लगाएर हुँदैन। त्यो पूरा गर्नको लागि त लक्ष्य चाहिन्छ। उद्देश्य चाहिन्छ। त्यसै अनुसारको प्रतिबद्धता चाहिन्छ। जनतामा विश्वास जगाउने त्यसै अनुसारको नेतृत्व पनि चाहिन्छ। भरोसा गर्ने र आशा जगाउने नीति, नेतृत्व र पार्टि चाहिन्छ। अर्थात समाजवादसम्म पुग्नको लागि पहिलो पाइला के हो? दोस्रो पाइला के हो? तेस्रो पाइला के हो? भनेर छुट्याउन सक्नु पर्छ। उद्योगधन्दाको विकास, रोजगारी, आत्मनिर्भर, अर्थतन्त्रको विकासको लागि उत्पादन र वृद्धि। विस्तारै आयात घटाउँदै जाने निर्यात बढाउँदै जाने। हाम्रा उत्पादनहरू विदेशमा लगेर बेच्ने। राष्ट्रिय आय बढाउने। उत्पादन र उद्योगधन्दाको विकासले राष्ट्रिय पुँजीको निर्माण गर्ने यसरी आत्मनिर्भर बन्दै जाने भनेर हामीले परिकल्पना गरेको हो। प्रति व्यक्ति आय बढाउँदै जानुपर्यो, गरिबी घटाउँदै जानुपर्यो, त्यसैले गर्दा यस्तो सपनाहरू देख्न पर्यो। यो सपना देख्ने हिसाबले नेकपा एमालेले यतिबेला मिसन चौरासी भन्ने गरेको छ। मिसन चौरासीमा हामीले के मा जोड दिएका छौं भने स्थिरता राजनीतिक स्थिरता राजनीतिक स्थिरताको लागि एउटा बलियो राष्ट्रिय शक्तिको आवश्यकता भयो। बलियो राष्ट्रिय शक्ति त्यो पनि निर्णायक हुनुपर्यो। र हामीले अरु दलहरूलाई पनि यस्तो खालको उद्देश्य बोकेर अगाडि बढ्नलाई आह्वान गर्छौं किनभने त्यो उद्देश्य बोकिएन भने त हामीले देशलाई विकास त गर्न सक्ने भएनौं। जहिले सुकै मिलेमतोमा सरकार बनाउने, अल्पमतको सरकार हुने, अनि सधैंभरि त्यो सरकारलाई टिकाउनका लागि लाग्ने, त्यसले गर्दाखेरि बलियो राष्ट्रिय शक्ति निर्माण गर्नका लागि त्यो पनि निर्णायक शक्ति निर्माण गर्नका लागि नेकपा

एमालेले मिसन चौरासीको कुरा गरिरहेको छ। त्यसै अनुसार आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको छ। देशलाई समृद्धितर्फ लैजानु पर्दछ। यो समृद्धिसँग गाँसिएको कुरा छ। "समृद्ध नेपाल, सुखी नेपाली" भनेर हामीले त्यसकारणले नारा अगाडि सारेका हौं। त्यो एउटा समाजवादसम्म पुग्ने आधार तयार गर्ने खालको चाहिँ कार्यक्रम रहेको छ।

र हामीले यसो हेर्दाखेरि हाम्रो देशलाई हेर्दाखेरि के देखिन्छ भने आयात र निर्यातको स्थितिलाई हेर्ने हो भने अघि मैले आयातलाई प्रतिस्थापन गर्नुपर्यो। निर्यातलाई प्रवर्धन गर्नुपर्यो भन्याथे। आयात र निर्यातको अवस्थालाई हेर्दाखेरि चाहिँ २०७६।२०७७ देखि लिएर २०७९।२०८० सम्मको अवस्थालाई हेर्दा करिब करिब हामी ९.४% सबैभन्दा बढी भनेको ९.४% हामीले निर्यात गरेका छौं भने आयात चाहिँ हामीले ९०% भन्दा बढी आयात गर्नु पर्ने स्थिति छ। त्यस्तो अवस्थामा राष्ट्रिय पुँजीको निर्माण हुने अथवा देश सम्पन्न हुने कुरा त परिकल्पना पनि गर्न सकिदैन। त्यसकारणले गर्दाखेरि हामीहरूले यो देशलाई समृद्ध बनाउनका लागि यी सबै कुराहरूमा ध्यान दिने र बलियो राष्ट्रिय शक्ति बनाएर बलियो राष्ट्रिय शक्ति र त्यो चाहिँ निर्णायक होस्। त्यसले देशलाई समृद्ध बनाउनका लागि लागोस्। र सबैलाई अगाडि बढाएर जनताका आवाजहरूलाई, जनताका मनलाई जितेर अगाडि बढोस् भन्ने ..... (समय सकिएको)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य उदय बहादुर बोहरा। समय १२ मिनेट। यसपछि माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

**(१४:०४ बजे) <u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सङ्घीय संसदका कर्मचारी साथीहरूले ११ बुँदे आफ्ना मागपत्रहरू राख्दै अहिले पनि आन्दोलनमा हुनुहुन्छ। उहाँहरूका यथोचित मागहरूलाई सरकारले संबोधन गरोस् म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, पूर्ववक्ता धेरै माननीज्यूहरूले भूकम्प जुन कर्णाली प्रदेशका तीनवटा जिल्लाहरू सबै भन्दा बढी प्रभावित छन्। र उहाँहरूले धेरै कुराहरू राख्नुभा'छ। र यो सार्वजनिक नीति तथा प्रत्यायोजित विधयान समितिको टोली त अध्यक्ष सभापतिज्यूसहित त्यहाँ पुगेर पनि निरीक्षण गरेर आएको छ। र यो वर्षायाम सँगै हाम्रो समग्र जोखिमपूर्ण भूबनावट र पटकपटक आउने जुन भूकम्प जसको कारणले तीनवटा जिल्लामा समस्याहरू तत्काललाई

देखिएको छ र अरू जिल्लाहरूमा पनि केही समस्याहरू छन्। र त्यो जिल्लाबाट जिल्लामा जुन समस्याबाट आक्रान्त छन्। ती जनतालाई सरकारले राहत उपलब्ध गराउन र यथोचित व्यवस्था उनीहरूको गाँस, बाँस, कपास र स्वास्थ्य, शिक्षा, औषधि उपचारलगायतको सबै कुराहरूलाई सरकारले अहिलेसम्म पनि त्यसको व्यवस्थापन नगरिरहेको अवस्था देखिन्छ। र त्यहाँ पानीको समस्या छ। भूकम्पले जुन त्यहाँको जमिनहरू हल्लाएको छ। डाडाँकाडाँ हल्लाएको छ। पहाडहरू हल्लाएको छ। र त्यसको कारणले गर्दाखेरि पानीहरू भासिएर ..... गएको छ। र यसको परिणाम निकट भविष्यमा यो वर्षायाम सँगै यो भगवानले कृपा गरुन् त्यस्तो समाचार सुन्न नपरोस् र ठुलो भयावह आउने अवस्था छ। र त्यो भयावह अवस्थालाई समयमा सतर्कता अपनाउँदै सरकारले के कस्ता खालका व्यवस्थापन गरेको छ। त्यो समस्या समाधान गर्नको लागि सरकारसँग के योजना छ?

म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई आह्वान गर्न चाहन्छु कि सरकार यो विषयमा गम्भीर बनोस्। अहिलेसम्म त्यहाँ पुनर्निमाणको कार्यविधि चाहिँ नबन्नु। यहाँ धेरै कुराहरू आए। कतिपयले त पहिलो किस्ता पनि नपाएको कुराहरू पनि आएको छ। त कार्यविधिहरू अहिलेसम्म चाहिँ नबन्नुमा को दोषी छ? सरकार यसरी उदासीन हुन मिल्छ? राज्य यसरी उदासीन हुन मिल्छ? किन कार्यविधि गराउन नसक्या? तत्काल कार्यविधि गराएर यो समस्या समाधान होस्। म पुनः फेरि पनि आह्वान गर्न चाहन्छु।

र सम्माननीय अध्यक्षज्यू, अब वर्षायाम सँगै हामी कहाँ हाम्रो देश कृषि प्रधान देश भन्ने कृषिको गुणगान गाएर कहिले पनि नथाक्ने तर परिणाम नआउने। हामी त त्यतिखेरै देखि चाहिँनी समस्यामा आयौं कि २०५२ मा दीर्घकालीन कृषि योजना जुन बन्यो। त्यसपछाडि हामी कागजमा सीमित भयौं। डाटामा चाहिँ सीमित भयौ। बनाएका नक्कली डाटामा सीमित भयौ होइन भने १९८० अगाडि लगभग ९०% किसानहरू, नेपालीहरू कृषिमा आधारित अहिले हाम्रो अवस्था चाहिँनी के भइराखेको छ? त्यसो भएको हुनाले सरकारले अब सँगसँगै वर्षा सँगसँगै मलको व्यवस्था गरेको छ कि छैन? अहिले मलको अहिले पनि कुरा आइराखेको छ। मल पुगेको छैन भन्ने कुराहरू किसानबाट आएको छ। बिउ बिजनको व्यवस्था के कसरी गर्या छ? त्यसो भएको हुनाले सरकार यतातिर गम्भीर हुनुपर्छ।

र सम्माननीय अध्यक्षज्यू, अर्को कुरा यो स्वास्थ्यको कुरा असाध्यै जटिल कुरा हो। स्वास्थ्यमा वर्षेनी हाम्रो बजेट लगभग राम्रै चाहिँ बजेट जान्छ राम्रै बजेट छुट्टिन्छ। र दातृराष्ट्रहरूले पनि यसमा विभिन्न चाहिँनी कोणबाट सहयोगहरू गर्छन्। यहाँ दुःखको कुरा के छ भने देखिन्लाई म लुम्बिनी, कर्णालीलगायतका केही हस्पिटलहरूमा पनि पुगे। त्यहाँ equipment

को अभाव देखाइया छ, प्राविधिकको अभाव देखाइयाछ र औषधि उपचार जसरी जनताले पाउनु पर्ने हो त्यसरी उपचार नपाएको अवस्था छ त्यहाँ। र एकातिर त्यो अवस्था पनि छ भने अर्कोतिर ११२ वटा अस्पतालमा दातृराष्ट्रहरूको अनुदानबाट वितरण गरिएको जुन equipment हरू हुन्। तिनी equipment गोदाममा थन्किएका छन्। त्यो गोदाममा थन्काउने हस्पिटल मध्येमा राजधानीको सङ्गको केन्द्रमा रहेको विर हस्पिटल पनि छ। पाटन हस्पिटल पनि छ र वि.पि. त्यसपछाडि तपाईंको भरतपुरको क्यान्सर हस्पिटल, भरतपुर हस्पिटल यी धेरै हस्पिटलहरू छन् जसले चार सय त्रिपन्नवटा equipment हरू गोदाममा थन्क्याएका छन्, useless छन्। र त्यो बिना त्यसमा भेन्टिलेटर छन् धेरै र त्यस्तै हेमोडाइलासीस् मेसिनहरू छन्। जुन हेमोडाइलासीस् मेसिनबाट चाहिँ डायलेसिस् गर्न नपाएर किड्नीका बिरामीहरूलाई हम्मे हम्मे भा'छ र प्राइभेट हस्पिटलहरूमा गएर उनीहरूले डायलेसिस् गराइराखेको अवस्था हो चर्को मूल्य तिरेर। र यतातिर स्वास्थ्य मन्त्रालय, नेपाल सरकार र स्वास्थ्य विभागको ध्यान गएको छ कि छैन? यसको नियमन निकाय को हो? किन यतातिर चाहिँ उदासीन छ सरकार? स्वास्थ्य मन्त्रालय किन उदासीन छ? स्वास्थ्य विभाग किन उदासीन छ?

र त्यति मात्रै होइन सातवटै प्रदेशमा पनि छन् यिनी equipment हरू पुगेका छन्। र त्यहाँको हस्पिटलले पनि त्यसलाई चाहिँ राम्रोसँग प्रयोगमा ल्याएको छैन। त्यहाँ विभिन्न समस्या देखाइन्छ। र त्यसलाई नियमन गर्ने निकाय को हो? त्यो नियमन तुरुन्त होस्। chemical छैन भने त्यहाँ chemical पठाइयोस्। प्राविधिक छैनन् भने देखिन प्राविधिक पठाइयोस्। यदि यिनी equipment चाहिँ आवश्यक होइनन् भने जहाँ आवश्यक छ त्यहाँबाट विभागले तानेर आवश्यक भएको हस्पिटलमा चाहिँनी त्यो equipment पठाओस्। यसरी हाम्रो हस्पिटलहरूले हाम्रा स्वास्थ्य विभागहरूले स्वास्थ्य मन्त्रालयहरूले यो तरिकाले भएन। अलि जिम्मेवार चाहिँनी क्यारे बन्नपर्यो।

र सम्माननीय अध्यक्षज्यू, यहाँ धेरै चिजहरू अगाडिका माननीयज्यूहरूले पनि भन्नुभो। हामी कहाँ धेरै भ्रष्टाचारको कुराहरू पनि उठिरहेका छन्। यो भ्रष्टाचार कहाँ सीमित रहन्छ? किन त्यसलाई गम्भीरतापूर्वक लगिदैन? त्यो एकजना के राई? जि.वि. राई कि के राईको जुन पक्राउ गर्ने पुर्जि त्यो बाटो मै कता हरायो भन्ने कुरा पनि आइराख्याछ। अब यो कम्सेकम भ्रष्टाचार जुन यो चाहिँनी राष्ट्रव्यापीरूपमा अन्तर्राष्ट्रियरूपमा चाहिँनी के रे पनि यो समस्या चाहिँनी आइराखेको अवस्था हो यो भ्रष्टाचार। सहकारीको त्यही समस्या छ। अब चाहिँ यता गिरी बन्धु टि स्टेटका कुराहरू पनि आइराखेका छन् विभिन्न कोणहरूबाट। अनि हामी सुशानसका कुरा गर्छौं। हामी न्यायका कुरा गर्छौं। अब हामीले आफू कति पानीमा छौं। हामी कति जिम्मेवार छौं। चाहे सरकारभित्र बसेका होस् चाहे सरकार बाहिर बसेका होस्। सबै यस्ता विषयप्रति

जिम्मेवार हुन जरुरी छ र जरुरी हुन पर्छ। त्यसो भएको हुनाले हामीले जे सुकै कुरा गरेपनि, हामी जुनसुकै विषय बोलेपनि बाहिरबाट यसको गम्भीर मूल्याङ्कन आमजनताले गरेका छन्। आम पब्लिकले गरेका छन्। सबैले गरेका छन्। त्यसो भएको हुनाले यस्ता गम्भीर विषय वस्तुहरूतिर पनि सरकारको ध्यान जाओस्। र यो यदि यो ध्यान चाहिँनी हाम्रो समयमा चाहिँनी हामीले पुर्याउन सकेनौं भने यसले त्यति राम्रो परिणाम भविष्यमा ल्याउला जस्तो मलाई लाग्दैन। यहाँ समय रहेन। म अरू विषयवस्तुहरू राख्ने थिए।

त्यसो भएको हुनाले हामीले साँच्चिकै सङ्घीयतालाई सबलीकरण नै गरेर जाने हो भने साँच्चिकै सङ्घीयतालाई सुशासनयुक्त सङ्घीयता बनाउने हो भने हामीले एकचोटि निधार खुम्च्याएर सोच्नु पर्छ। यो नेताहरूले सोच्नु पर्छ। ठुला दलका नेताहरूले सोच्नु पर्छ। सरकारले सोच्नुपर्छ। र हामी सबैले सोच्नुपर्छ। त्यसो भएको हुनाले यतातिर हामी सबैको ध्यान चाहिँ गम्भीररूपले जाओस् भन्ने म आफ्ना भनाइहरू राख्दै बिदा हुन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी। समय ८ मिनेट। यसपछि माननीय सदस्य युवराज शर्मा।

(१४:१७ बजे) **माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:-सम्माननीय अध्यक्ष महोदय, सङ्घीय संसदका कर्मचारी साथीहरू यतिखेर आन्दोलनमा हुनुहुन्छ। सङ्घीय संसद सचिवालयका कर्मचारी प्रशासन नियमावली, २०६५ लाई अद्यावधिक गरी अनुसूची-१२ लाई समयानुकूल परिमार्जन गर्नु पर्ने उहाँहरूले विषय उठाउनु भएको छ। सङ्घीय संसदका कार्यवाही तोकिएको कार्यालय समयभित्र मात्र सञ्चालन हुने भएकोले सचिवालयमा कार्यरत कर्मचारीहरूले अतिरिक्त समयमा समेत काम गर्नुपर्ने अवस्था रहेको। आइएलओको महाधिवेशनको मान्यताअनुसार अतिरिक्त समयको श्रम गरेबापत त्यसको उचित चाहिँ भत्ता र श्रमको मूल्य पाउनु पर्ने कुराहरू रहेको छ। त्यसै गरी सचिवालयमा सञ्चालन तथा व्यवस्थापन समितिले नियमावलीमा संशोधन गरी सचिवालयमा स्थायी दरबन्दीमा कार्यरत रहेका वि. सं. २०६९ देखि तलबमान कायम हुन नसकेका हलुका सवारी चालक तथा कार्यालय सहयोगीहरूको छैटौं तहको तलबमान कायम गरिनु पर्ने। सो गर्न नसकेमा अवकाश हुनुभन्दा एक महिना अगावै हलुका सवारी चालकहरूलाई हेभी सवारी चालक तथा कार्यालय सहयोगीहरूलाई राजपत्र अनङ्कित तृतीय श्रेणीमा बढुवाको सुविधा गर्नुपर्ने लगायतका उहाँहरूको

मागप्रति पूर्ण समर्थन गर्दै यो यसलाई कार्यान्वयन गर्नको लागि म सरकारको ध्यान सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, मनसुन सुरु भइसकेको छ। मौसम पूर्वनुमानअनुसार यसपालि हुने अधिक वर्षाबाट हिमाली र पहाडी जिल्लाहरूमा पहिरो र तराईं, मधेसमा बाढी र डुबानको उच्च जोखिम निम्ति दै छ। भूकम्पले खल्बल्याएको भौगोलिक क्षेत्रलाई दृष्टिगत गरी जाजरकोट, रुकुम, बझाङ, डोटी, सिन्धुपाल्चोक, नुवाकोट अघिल्लो र पछिल्लो सबै भूकम्पले धेरै ठाउँ खल्बलाएको छ। र जोखिममा रहेका गाउँबस्तीहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत जोखिमयुक्त क्षेत्रका जनतालाई सुरक्षित स्थानमा सार्न, खाद्य एवम् औषधिको जोहो गर्न, प्रभावकारी अनुगमन संयन्त्र र स्वयंसेवक परिचालन गर्न तयारी गर्न र सम्भावित जनधनको क्षति हुनबाट जोगाउन बेलैमा तयारीको काममा लाग्नको लागि म सम्माननीय अध्यक्षज्यू मार्फत नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, भूकम्पको बारे जाजरकोट पश्चिम नेपालको भूकम्पनको बारेमा यहाँ चर्चा भइसकेको छ। म पनि त्यो अनुगमनमा गएर मैले जे देखे तीनैवटा जिल्लाका पीडित लाभग्राहीहरू मध्ये एक तिहाईले पहिलो किस्ताको रु पच्चिस हजार रकम पाउन सकेको अवस्था देखिएन। र अस्थायी आवासको लागि त्यसैगरी तीनै वटा जिल्लाको त्यहाँको पीडितहरूको गुनासो के छ भने हावाहुरीले घरका छानाहरू उडाइराखेका छन्। त्यसै गरी दुवै डिप्रेसनको समस्या, गाँसबाँसको, गाँस र छानाको समस्याले मान्छे धेरै डिप्रेसनमा पर्ने समस्याहरू बढेर गएको छन्। स्वास्थ्य चौकी, सामुदायिक भवन, विद्यालय, सरकारी कार्यालयहरू क्षतिग्रस्त छन्। खानेपानीको समस्या देखिएको छ। जाजरकोटको खलङ्गामा नै खानेपानीको हाहाकार भएको देखियो, त्यो अनुभूति गरियो। त्यो समस्या समाधानका दृष्टिले सम्माननीय अध्यक्ष महोदय मार्फत एकाघरका परिवारका छुट्टिएका, नछुट्टिएका सबै अलग भान्सा खडा गरी स्थायी आवासको लागि सरकारले दिने पाँच लाखको लागि भारततिरको रोजगारी छाडेर गाउँ मै कुरेर बस्ने अवस्था देखियो। कार्यविधिमा पूर्ण भत्किएर लडेका घरले मात्र क्षतिपूर्ति पाउने, चारपाँच थरिका विवरण फारम, फारामै पिच्छे निजी प्रमाणपूर्जाहरू जुटाउनु पर्ने झन्झट आदिलाई सरलीकृत गरी भत्किएको घरहरूको वर्गीकरण गरी वास्तविक लाभग्राही पीडितहरूले अस्थायी आवासको लागि पाउनु पर्ने पहिलो किस्ता, दोस्रो किस्ताको रकम यथाशीघ्र वितरणको व्यवस्था गर्न र भूकम्पप्रतिरोधी मापदण्ड अनुसार स्थायी आवासको लागि सरकारले दिने पाँच लाख मध्ये सङ्घीय सरकारबाट एकद्वार विधिबाट दिने गरी कार्यविधिको व्यवस्था गर्न, घर बनाउन सहुलियत कर्जाको लागि पनि व्यवस्था गर्न म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गर्न

चाहन्छु। आफ्नै लगानीमा दक्ष कामदार लगाएर भूकम्पप्रतिरोधी घर बनाउन चाहनेलाई छुट दिनुपर्ने चाहिँ देखिन्छ। त्यो रोकिएको अवस्था छ। छुट्टै भिन्नै भएका हुन/होइनन् भन्ने एकाघरको परिवारको यकिन नहुँदासम्म अहिले त फरक फरक पाँच लाख पाउनको लागि भान्सा लगाएर बसेका छन्। त्यो परिस्थिति नछुट्टिदासम्म एकाघरका लागि एउटै मात्रै घर बनाउने गरी व्यवस्था गर्नुपर्ने देखिन्छ।

साथै यो अहिले सम्माननीय अध्यक्ष महोदय, वैदेशिक रोजगार बोर्डका अनुसार गए पन्ध्र वर्ष यता वैदेशिक रोजगारीमा खाडी मुलुकहरूमा गएका मध्ये एघार हजार सात सय साठी नेपाली श्रमिकहरूको मृत्यु भइसकेको समाचार छन्। यसरी मृत्यु भएका श्रमिकहरू मध्ये अहिलेसम्म दुई हजार दुई सय उनान्सत्तरी जना मृतकका परिवारले मात्र क्षतिपूर्ति पाएको छ। बाँकी नौ हजार पाँच सय श्रमिक परिवारले क्षतिपूर्ति पाउन सकेका छैनन्। मलेसियाले बिमाबापत नेपाली कामदारसँग सङ्कलन गर्दै आएको बिमा रकम आठ घण्टाको कामलाई आधार मानी कार्यस्थलमा दुर्घटना परेकालाई मात्र क्षतिपूर्ति दिने उनीहरूको कानुन छ। सोह्र घण्टा काम गर्दाका बिचमा दुर्घटनामा परी मृत्यु हुने श्रमिकहरू दुर्घटना बिमा वापतको अवसरबाट बञ्चित हुँदै आएका छन्। हृदयघात, सडक दुर्घटना र कामको क्षेत्रमा दुर्घटनामा परी मृत्यु भएका ८१% भन्दा बढी नेपाली कामदारहरूका परिवार क्षतिपूर्तिको अधिकारबाट बञ्चित छन्। सम्माननीय अध्यक्षज्यू मार्फत मलेसियालगायतका खाडी मुलुकभित्र मृत्यु भई यस प्रकारको समस्याबाट क्षतिपूर्ति पाउन नसकेकाहरूलाई कुटनीतिक पहल गरी क्षतिपूर्ति दिलाउनको लागि चाहिँ म नेपाल सरकारको चाहिँ ध्यानाकर्षण गर्न चाहन्छु।

र सम्माननीय अध्यक्ष महोदय, अहिले जो संविधानको पूर्ण कार्यान्वयन, सङ्घीयताको कार्यान्वयनसँग जे जति चिन्ताहरू हाम्रो बिचमा छन्। त्यो कार्यान्वयनको लागि हामीले सङ्घीय शिक्षा ऐन, सङ्घीय निजामती ऐन, सङ्घीय प्रहरी ऐन र टिआरसी विधेयकप्रति हाम्रो ध्यान किन गइराखेको छैन? हामी चिन्ता त गर्छौं तर त्यो समस्या समाधान गर्नेतिर हामी कम्तिमा पनि यो संविधान पक्षधरहरूले यदि सङ्घीयताको सबलीकरण र यो परिवर्तन चाहेका हौं। यसलाई सुदृढ गर्न चाहेका हौ भने यतातिर हाम्रो ध्यान जोडदाररूपले जान चाहिँ आवश्यक छ भन्ने कुरा राख्दै मेरो भनाई यहीँ अन्त्य गर्छु। धन्यवाद।

(१४:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य युवराज शर्मा। समय १२ मिनेट। यसपछाडि माननीय सदस्य नर बहादुर विष्ट।

(१४:२५ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, प्रथम त म चुरे संरक्षणको माग गर्दै काठमाडौंमा आन्दोलनरत नागरिकप्रति आफ्नो ऐक्यबद्धता प्रकट गर्दछु। त्यस्तै आफ्नो जायज मागको लागि आन्दोलनरत कर्मचारीको मागप्रति पनि ऐक्यबद्धता प्रकत गर्दै म आफ्नो भनाइ सुरु गर्दछु लिखितरूपमा।

सम्माननीय अध्यक्षज्यू, उर्दुको एक सेर देखिन् म पनि आज आफ्नो भनाइ राख्न चाहन्छु। भनेको छ, "शामको ..... और सुभाको तौवा करने, रिन्द दे के रिन्द रहे हात से जन्नत ....." धेरैले बुझ्नु भएकै होला।

संसारमा प्रचलित केही धर्म वा सम्प्रदायमा जति पाप गरेपनि God या खुदासँग प्रार्थना गरी क्षमा याचना गर्ने, प्रायश्चित्त गरेमा गुनाह माफ हुन्छ भन्ने भनाइ प्रचलित छ। यसैको मध्यनजर पहिला पहिलाका कम्युनिष्ट पार्टीमा आत्म-आलोचनाको चलन चलाइएको थियो। अब त्यो परिपाटी छ वा छैन मलाई थाहा छैन। तर हिन्दु धर्म पापको क्षमा भन्ने प्रावधान नै छैन। त्यहाँ त सानो भन्दा सानो पाप पनि चित्तमा बिउ रोप्न जरो गाड्दै उम्रिन्छ र पापीलाई दण्डित गर्दछ। प्रतीक कथाको रूपमा हेर्दा स्वयम् नारायणसहित र सबै दण्डित भएको देखिन्छन्। हिन्दु धर्ममा यसरी क्षमाको प्रावधान छैन। अझ भन्नु पर्दा पापी पनि स्वयं, ईश्वर पनि स्वयं, दण्डको विधान पनि स्वयं वा पूर्व निर्धारित "एको ब्रह्म द्वितीयो नास्ति" भन्ने चराचर जगत, प्रकृति, जिवजन्तु सबैप्रति मनुष्यको वा हाम्रो ..... ठुलो जवाफदेहिताको सङ्केत गर्दछ। यो दर्शनको कुरा हो वा न्याय दर्शनको कुरा हो। प्रकृतिप्रति न्याय गरे न्याय पाइन्छ। अन्याय गरे अन्याय हुन्छ अन्याय पाउँछ। त्यो accountability हामीले कत्तिको पालन गरिरहेका छौं? अरुको बाँच्ने हक खोस्दा आफ्नो बाँच्ने हक गुमाइरहेका त छैनौं? प्रकृतिले मनुष्यको पाप वा अपराधको दण्ड दिन सुरु त गरिसकेको छैन।

हो मैले जलवायु परिवर्तनमा मनुष्य जातिले गरेको कर्मको फलस्वरूप उत्पन्न प्राकृतिक प्रकोपको कुरा उठाउँदै गरेको हुँ। जलवायु परिवर्तन र त्यसले पार्दै गएको असर र विनाशप्रति हाम्रा नीति, नियामक, सरकारको ध्यान कति को गएको छ? अहिले तराईको भिषण गर्मीले बालक, युवा, वृद्धमा सबैमा हाहाकार उत्पन्न गरी मुसीवत गराउँदैछ। कतै कतै ज्यान जोखिममा परेको समेत सुनिन्छ। काठमाडौंमा चुरे संरक्षणको माग गर्दै त्यस क्षेत्रका जनता काठमाडौंमा आन्दोलन गर्दैछन्। उता हाम्रा सम्माननीय प्रधानमन्त्रीज्यू चुरे संरक्षण दिवस्को कार्यक्रममा भाषण दिन सिराहा जानु भएको छ। चुरे संरक्षणमा ध्यान किन पुगेन? नौ वर्षमा चौध अर्ब खर्च गरेर पनि आज चुरे क्षेत्रका जनता काठमाडौंमा आन्दोलन गर्न किन बाध्य भएका छन्? त्यस्तै काठमाडौंमा बागमती सफाइ अभियानले पनि दुर्गति बेहोर्दै छ। बजेट विनियोजन हुने र रित्तिने

बाहेक तोकिएको परिमाणमा प्रगति किन हुँदैन? किन काठमाडौं एसिया कै प्रदूषित सहरमा नामाङ्कित हुन पुगेको देखिन्छ? यसको जवाफ वर्तमान सरकार हो। यसको जवाफ दिनु वर्तमान सरकारको कर्तव्य हो कि होइन? सम्माननीय प्रधानमन्त्री सिराहा पुग्नु भएको बेला यसो सर्लाहीतिर गई भरत ताल हेरिदिए हुन्थ्यो नि। आफ्ना नेता र कार्यकर्तालई प्रकृतिको बिनास गरी कमाइ गर्ने प्रशिक्षण दिएको त होइन? त्यसैले त कम्युनिष्ट पार्टीमा आत्म-आलोचनाको परिपाटी हराइसकेको हो कि भन्ने लख काट्न पुगेको छु। कम से कम स्थानीय, प्रदेश र सङ्घ सरकारले पाँच, दश, बाह्र धुर वा एक दुई कठ्ठा करेसाबारीलाई तारवार गर्न अनुदान प्रदान गरी फलफूलका बिरुवा निःशुल्क प्रदान गरी प्रोत्साहित गर्न सके पनि त्यसले वातावरण संरक्षणलाई ठुलो भूमिका खेल्न सक्ने थियो। मैले फितलो होइन सशक्तरूपमा यस्ता कार्यक्रमहरूको अपेक्षा गरेको छु। चुरे दोहन नरोकिनु त सरकारको जनताप्रतिको जवाफदेहिताको अभाव मात्र होइन। कडा शब्दमा भन्यो भने गद्दारी नै भन्दा पनि अत्युक्ति नहोला। चुरे दिवस मनाउन सिराहा पुग्नु भएका सम्माननीय प्रधानमन्त्री जसलाई दिवसको सफलताको शुभकामना कुनै मनले दिनै पर्ला। फेरि म दर्शनतिर फर्कन्छु। मानिस आफ्नो साधनाद्वारा आत्मज्ञान र वोधिसत्व प्रदान गर्न निश्चय सक्छन् भन्ने प्रमाण नेपाल मै स्थापित भएको छ। कल्पनाको एक देशीय र स्वरूप पाँच साकार इश्वर र स्वर्गको कल्पनाले मानिसमा ठुलो भ्रमको सिर्जना गरिरहेको देखिन्छ। ठुला ठुला मै हुँ भन्ने कमरेड पनि आज दिग्भ्रमित हुन पुगेको देखिन्छ। देशको शासनमा दैवी गुण भन्नाले निश्पक्ष र प्रज्ञावान, तटस्थ, न्यायप्रिय, निर्लोभी, कुशल र कौशलयुक्त विकास प्रेमी अर्थात रामायणमा वर्णित भएका राजाराम अथवा आधुनिक आदर्श समाजवादी देशको शासन व्यवस्था चाहन्छन् नागरिक। महात्मा गान्धीले पनि प्रायः एकातिर रामराज्यको उदाहरण दिनु हन्थ्यो भने अर्कोतिर लोक सभाको निर्वाचनमा डाक्टर, इन्जिनियर, वकिलको राम्रो सङ्ख्यामा प्रतिनिधित्व हुनुपर्दछ जसले नयाँ भारतको निर्माण सम्भव हुनेछ भन्ने प्रस्ट धारणा राख्नुहुन्थ्यो। त्यस्तै वि.पी. ले सभ्य र ठुलो होइन असलको कुरा गर्नुहुन्थ्यो। किन भने एउटा डाक्टर, इन्जिनियर, वकिल, राजनेता, ब्युरोक्रेट्स सबै त हुन सक्छन। तर असल नै छन् भन्न सकिन्न। अहिले वडा, प्रदेश र सङ्घीयसम्मका नेता, ब्युरोक्रेट्सहरू भ्रष्टाचारमा मुछिएको देख्दा असल हराउँदै गएको पक्कै पनि भान हुन्छ। जहाँसम्म न्यायको कुरा छ। एउटा दृष्टान्त प्रस्तुत गर्दछु।

कुनै देशकी एक महारानीले महलको छतबाट बाँण चलाउँदा एउटा प्रजाको मृत्यु भएछ। त्यस मृतकको श्रीमतीले राज सभामा पतिको लास बोकेर फरियाद गर्न पुगे। खोज गर्दा रानीले बाँण चलाएको पत्ता लाग्यो। राजाले धनुषबाँण ती फरियादी महिलाको हातमा दिएर ल मेरो छातीमा बाँण हानी रानीलाई दण्ड देउ। उनलाई पनि पतिबिहीन बनाउन भन्न पुगे। अगाडि

कथामा के भयो मलाई थाहा छैन। आजको सत्ता गठबन्धन र सरकार प्रमुखलाई हेर्दछु र माननीय गृह मन्त्री रवि लामिछानेज्यूलाई हेर्दै छु। तब झलझली त्यो घटना, कथा सम्झन थाल्दछु। नेपालका सर्वोच्च प्रहरी प्रशासन अटर्नी जनरल के भन्छन् प्रमुख न्यायाधिवक्ता र क्षमा चाहन्छु पासपोर्ट काण्डको सुनुवाइ छ महिना पछि धकेल्ने श्रीमान्ज्यूलाई समेत झल्झली सम्झन्छु। फैसला नसुनाइन्जेल जेल दोषी त कोही हुँदैन फेरि भए किन? मैले प्रारम्भमा भने झैं चित्तमा विउ रोप्ने प्रवृत्ति भई भई पौधा बनिसकेको पाप धुरीबाट कराएको त होइन?

जब रामायण महाकाव्य लेखियो खासगरी तुल्सिदासज्यूले अवधि भाषामा रामायण लेखिसकेपछि रावणलाई लक्षित गरेर जनजिब्रोमा जे जे काम "जगतमे हीना त्ये सब ब्राह्मणके खिना" अथवा जति पनि संसारमा दुष्कर्म छ। ती बाहुनले नै गरेको हुन् भन्ने जनजीवनमा स्थापित हुन पुग्यो। यसरी "ब्रह्म जानासि सो ब्राह्मण"बाट हीन या दुष्कर्म गर्नेमा ब्राह्मणको नाम जोडिन थालियो। "महाजनो येन गतः स पन्थाः" त्यसै भनिएको होइन त्यसैले उच्च पदासीन व्यक्तिले असल कामको उदाहरण प्रस्तुत गरेर एउटा आदर्श स्थापित गर्न सक्नुपर्छ। नत्र उनका अनुयायी र समाज खराब बाटोतिर डोरिन्छ।

वर्षात् सुरु हुन थालिसकेको छ। मौसमविद्हरूले ठुलै वर्षाको अनुमान गरेका छन्। कति तयारी छ सरकारको? वा तीनै तहको सरकारको? नीति बनाउनमा त हामी माहिर छौं। तर कार्यान्वयन र साधनको लगानी गर्न कन्जुसी गर्दछौं। वास्तवमा सरकारको पहिलो काम त जनधनको सुरक्षा नै हो। त्यो नै गर्न सकिएन भने सत्ता र शासन किन चाहियो? सम्माननीय अध्यक्षज्यूमार्फत यस सम्बन्धमा सरकारले के गर्दै छ? कस्तो तयारी गरेको छ? त्यसको जानकारी सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीज्यूले राष्ट्रिय सभामा बोध गराइदिनुहुन माग गर्दछु। त्यस्तै वर्षात् सुरु हुँदैछ। सल्यान, जाजरकोट, रुकुममा भूकम्पपीडित अत्यन्तै दीन हीन अवस्थामा छन्। माननीय सांसदज्यूहरूले त्यो दर्दनाक अवस्थाको चित्रण राष्ट्रिय सभामा मार्मिक ढङ्गले प्रस्तुत मात्र होइन यस सम्बन्धमा गहकिलो सुझाव समेत प्रस्तुत गरिसक्नुभएको छ। त्यस सम्बन्धमा सरकारको चित्त बुझ्दो उत्तर प्राप्त भएको छैन। सरकार जवाफदेही बन्नुपर्यो। र आज अरू कुरा छाडौं। संविधानबमोजिम सङ्घीयता कार्यान्वयन समेत सरकारको चासो चाहिने मात्रमा देखिँदैन। सङ्घीय सरकारले गरेको बजेट विनियोजनले नीति र नियत दुवै प्रस्ट हुन्छ।

सम्माननीय अध्यक्षज्यू, धेरैले हाम्रो महाकवि लक्ष्मीप्रसाद देवकोटाले “उद्देश्य के लिनु उडी छुनु चन्द्र एक” भनी एकातिर भन्नुभएको छ भने अर्कोतिर “के नेपाल सानो छ” भन्ने निबन्धमा नेपालको विराट स्वरूपलाई सगौरव प्रस्तुत गर्नु भएको छ। तर आज वर्तमान सरकार सत्ता बचाउन जस्तोसुकै सँग पनि सम्झौता गर्दै हिडेको देखिन्छ। कस्तो सरकार हो यो जसले

गरेको कामको उत्तरदायित्त्व स्वयम् सरकारमा सम्मिलित राजनीतिक दलले लिँदैन। राजनीतिमा यो भन्दा ठुलो नैतिकताको खडेरी अरू केही हुन सक्ला? न सक्ला।

सम्माननीय अध्यक्षज्यू, मेरो जन्म लुम्बिनी प्रदेश कर्म पनि लुम्बिनी प्रदेश जुन गौतम बुद्धको भूमि हो। शान्ति भूमि तपोभूमि जे सम्झनु। व्याकरणाचार्य पाणिनीको चार पाँच दिनको साधना स्थल पनि तर विगतमा युद्धभूमिमा परिणत गराइयो। हजारौं निर्दोषहरू मारिए। अपाङ्ग भए। जसको खामी आज नेपाल र नेपाली आज पनि भोग्दै छन्। यसलाई तात्त्विक निष्कर्षमा पुऱ्याउने जमर्को खोइ? त्यसलाई दुही खाने भाँडो नबनाउँ।

हामी प्राय दिगो विकासको कुरा गर्छौं। तर हाम्रो कुनै प्रणालीले सशक्तरूपमा त्यसरी लक्षित गरी सोचरूपमा अगाडि बढी लक्ष्य हासिल गर्ने गरेको देखिँदैन। सरकारले ल्याएको धेरै जसो चाहे त्यो सङ्घीय शिक्षा ऐन होस् वा अन्य। प्रारम्भमा नै विवादित बन्न पुग्दछन्। यसरी त कानुनी राज्यको मान्यता भत्किदै जाने सम्भावना छ। यस्तो समेत सरकारको र संसदको ध्यान आकर्षित गराउन चाहन्छु। लोकतन्त्रमा उपयोग र दुरुपयोग भन्दा सदुपयोगको बढी महत्त्व हुन्छ। त्यसैले उपयोग र दुरुपयोग भन्दा सदुपयोगतिर जानु पर्दछ। यति कुरा सरकार र नागरिकले समेत बुझिदिएको भए वातावरण संरक्षणमा ध्यान दिएको भए दिनादिनुदिन अकल्पनीय दुःख र कष्ट झेल्नु पर्ने थिएन।

आगामी दिनमा अतिवृष्टिबाट अठार लाख नेपाली प्रभावित हुनु परेको जानकारीमा आएको छ। यो सङ्ख्या आफैंमा कहालीलाग्दो छ। त्यस्तोमा छिमेकी मित्रराष्ट्र भारतले अन्तर्राष्ट्रिय नियमविपरीत हाम्रो सीमा बनाएको बाँध थुनिदिए चालिस लाख जनसङ्ख्या प्रभावित हुने पक्का छ। सरकारले यो सबै ध्यान पुर्याएको छ भन्ने छैन।

अहिले एउटा कुरा अरु सुनिदै छ। हदबन्दीभन्दा यता एकपटक बिक्री गर्न पाउने कुरा। एउटा बिगतमा ल्याइएको हदबन्दी भन्दा बढी जग्गा सट्टापट्टा गर्ने विधेयकभन्दा खतरनाक देखिन्छ। यथार्थ कुरा त पछि थाहा नै होला।

हामी नेपाली काँग्रेसले लोकतान्त्रिक गणतान्त्रिक समाजवाद उन्मुख संविधान भन्न रुचाउँछौं र जुन राजनीतिक दलले समाजवाद उन्मुख भन्न मात्र रुचाउँछन् ती दलले ती दलको सरकारले स्वास्थ्य, शिक्षा, उद्योगधन्दा सबैलाई privatization मा लग्न भविष्यमा होस्टेमा हैंसे गरेको देख्दा आश्चर्य लाग्दछ। तर जनताको मौलिक अधिकारको सम्बन्धमा नियन्त्रणमुखी अवधारणाले ग्रस्त भएको देख्दा मार्गबाट विचलित भएको भन्नु उचित होला कि आफ्नै मार्गतिर लाग्न जमर्को गरेको भन्ठान्ने प्रस्ट हुनु पर्यो।

यसमा मिडिया काउन्सिल विधेयकलाई पनि म जोड्न चाहन्छु। यद्यपि हामी यसलाई स्वतन्त्र र स्वायत्त बनाउन लागि परेका छौं।

नेपाली क्रिकेट अहिले टी ट्वान्टी विश्वकपमा देखाएको कौशलको प्रशंसा गर्दै शुभकामनाका साथै सरकारले युवा तथा खेलकुद मन्त्रालयमा गरेको बजेट विनियोजन अत्यन्तै न्यून छ। यसतर्फ सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु। अन्त्यमा हामी समृद्ध भन्दा विकसित राष्ट्र बनाउने ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नर बहादुर विष्ट। समय ८ मिनेट।

(१४:३८ बजे) **माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, म समसामयिक विषयमा धेरै माननीय सदस्यहरूले पनि उठाइसक्नु भएको छ। सङ्घीय संसद सचिवालय कर्मचारी युनियनले ११ बुँदे माग राखेर छ। त्यो मागप्रति ऐक्यबद्धता गर्न चाहन्छु। र नेपाल सरकारको विशेष गरेर ध्यानाकर्षण गर्न चाहन्छु कि १७ वर्षभन्दा पहिला तीन हजारमा घरभाडा बनाएको रहेछ। अहिले पनि तीन हजारमा काठमाडौंमा घर भाडा पाइँदैन भन्ने कुराहरू सरकारको ध्यानाकर्षण सम्माननीय अध्यक्ष महोदयमार्फत भन्न चाहन्छु।

र अर्कोतिर हाम्रो हामी भूकम्प प्रभावित क्षेत्र सल्यान, जाजरकोट, रुकुममा हामी हाम्रो समिति अनुगमन गर्न गयो। धेरै कुरा यहाँ उठाइसकेको छ। विशेष गरेर सात महिना उन्नाइस दिन भूकम्प गएको भइसक्यो तर राज्यले जसरी जहाँ छिटोभन्दा छिटो उद्धार जसरी गर्यो। त्यसरी यो पुनर्बास पनि त्यसरी गर्नुपर्ने थियो। हामी त्यहाँ जाँदाखेरि त्यहाँका जनताका पीडितका गुनासा सुन्यौं। कार्यविधि २०७४ को विपद् ऐन बनेको रहेछ। विपद् ऐन पछि २०७६ मा चाहिँ नियमावली बनेको रहेछ। कार्यविधि अहिले यति भद्दा र अव्यवस्थित छ त्यो कार्यविधिले कहिल्यै पनि त्यहाँका भूकम्प पीडितले, जनताले राहत पाउलाजस्तो महसुस हामीले गरेनौं किनभने त्यो कार्यविधिमा निजी घर, निजी आवास मात्रै भन्ने छ। त्यहाँ भूकम्पमा निजी चिज आवास मात्रै भत्किएका छैनन्। त्यहाँ सरकारी कार्यालयहरू भत्किएका छन्। विद्यालयहरू भत्किएका छन्। अस्पतालहरू भत्किएका छन्। थुप्रै खालका संरचनाहरू भत्किएका छन्। तर कार्यविधिमा निजी आवास भन्ने मात्रै छ। फेरि अर्को कार्यविधि बनाउनुपर्छ र? कार्यान्वयन गर्नको लागि।

सम्माननीय प्रधानमन्त्रीले यो कार्यविधिको बारेमा छलफल गर्नु भएछ। मुख्य सचिव र सम्बन्धित सचिवहरूलाई अघि माननीयज्यूले राखु भो भूकम्पै नगएको ठाउँमा एक नम्बर (क) भूकम्प गएकोलाई (ख) किन बनाएको भन्दाखेरि मुख्य सचिवले अरू सचिवको मुख हेरेछ। खोइ कसले बनाएको कसले बनाएको? यस्तो पनि प्रशासन हुन्छ? भूकम्प गएको ठाउँलाई चाहिँनी (ख) बनाएर नगएको ठाउँलाई (क) बनाउने? यो प्रवृत्तिगत ढङ्गले यिनको उद्देश्य के हो? यिनको नियत के हो भन्ने कुराहरू यसले प्रस्ट पार्दछ। त्यसैले यो कार्यविधिले भूकम्प प्रभावित क्षेत्रको कार्यान्वयन हुन अझै वर्ष लाग्छ। भत्केको चर्केको घरलाई फेरि भत्काएर फोटो खिचेर अनि मात्रै देउ भन्ने पनि कहीँ कार्यविधि हुन्छ? त्यो घर भत्काउनलाई कति खर्च लाग्छ? र यहाँ काठमाडौँमा बसेर सहरी विकास मन्त्रालयमा बसेर इन्जिनियरले बारेकोटको घरको नक्साङ्कन गरेर सम्भव हुन्छ?

म के आग्रह गर्न चाहन्छु सरकारको ध्यानाकर्षण गर्न चाहन्छु सम्माननीय अध्यक्षमार्फत कम्तीमा त्यो इन्जिनियर फिल्डमा गएर त्यो घरमा जानुस्। रेट्रोफिट गर्ने भन्ने रहेछ। त्यहाँ के ले चिनेको हुन्छ? इट्टाले चिनेको घर त हुँदैन नी? ढुङ्गाले चिनेको हुन्छ। त्यसैले जुन कार्यविधि छ यो त्रुटिपूर्ण कार्यविधि छ। यसलाई तत्काल चाहिँनी सच्चाएर सरल, सहज र जनताले तत्काल राहत पाउने खालको कार्यविधि बनाउनुपर्यो। त्यहाँ विवरण फाराम यति लामो छ कि त्यो भर्नै सक्दैन त्यहाँ मान्छेहरू सबै पढेलेखे हुँदैनन् नि गाउँघरमा त। यहाँ काठमाडौँमा बसेर चाहिँनी तपाईंको अठार पेजको विवरण फाराम भएर जनताले राहत पाउँछ? त्यसैले म विशेष गरेर ध्यानाकर्षण गर्न चाहन्छु। जसले विपतमा सहयोग गर्ने पुलिस, आर्मी, सीडीओ कार्यालय टहरामा बसेका छन्। एउटा नलगाडको घटना सुनाउँ। अठारवटा घरका विद्यार्थीहरू विद्यालयबाट गएछन्। तिनले के गुनासो गरेछन् भनेपछि अठारवटा घरमा चौधवटा घरमा सर्प पसेछ। आज त्यो सर्पदंश गर्दाखेरि त्यसको उपचारको व्यवस्था छैन। के गर्ने हो भन्ने दीर्घकालीन छैन।

त्यसैले म सम्माननीय अध्यक्ष महोदयमार्फत विशेष गरेर हामी यहाँ माननीयहरू सदनमा आएर कराउने मात्रै हो? सरकारले जवाफ दिनु पर्दैन? सम्बन्धित निकायले जवाफ दिनु पर्दैन? त्यसैले म सम्माननीय अध्यक्षमार्फत तत्काल भूकम्पपीडितलगायतका विषयमा हामी माननीय सदस्यले उठाएका विषयमा यहाँ आएर सम्बन्धित निकायका मन्त्रीहरूले जवाफ दिनका लागि विशेष गरेर त्यो निर्देशन दिन म सम्माननीय अध्यक्षमार्फत आग्रह गर्न चाहन्छु। हामी बोलि राख्ने यहाँ कसैले कसैको कुरा सुनुवाई हुँदैन भने यहाँ बोल्नुको के अर्थ रहन्छ? हामी जनताका जनताबाट निर्वाचित भएका जनप्रतिनिधि हौं। जनताको गुनासो सुन्ने थलो हो यो। यो कुनै पनि

अहिलेसम्म म दुई वर्ष भयो। तर मन्त्रीले आएर विशेष समयमा र शून्य समयमा बोलेका कुराहरूको जवाफ दियाछैन। किन दिदैन? दिनु पर्छ कि पर्दैन? जवाफदेहिता राज्यको हुन्छ कि हुँदैन? त्यसैले म विशेष आग्रह गर्न चाहन्छु यो तत्काल सम्माननीय अध्यक्षमार्फत रुलिङ गरेर हामीलाई यसको जवाफ चाहिन्छ किनभने अब फेरि वर्षा हुँदै छ। त्यो वर्षामा अब हावा हुरीले थप उडायो। वर्षा हुँदैछ ठुलो सङ्कट पर्ने खालको त्यहाँ हामीले देख्छौं। त्यसैले म विशेष गरेर भूकम्प प्रभावित क्षेत्रलाई तत्काल छिटो भन्दा छिटो सरल र सहज हुने कार्यविधि बनाओस् भन्ने आग्रह गर्न चाहन्छु

र अर्कोतिर म कर्णाली प्रदेशको सुर्खेतबाट प्रतिनिधित्व गर्छु। डेढ महिनादेखि सुर्खेत कर्णाली प्रदेशभरिनै National Grid विद्युतले छोएको छैन। तीन चारवटा जिल्ला बाहेक कर्णालीका साबिकका कर्णालीमा छोएको पनि छैन। तर पावर छैन। पानीको हाहाकार छ। सुर्खेतको राजधानीमा। बत्ती छैन। बत्तीको चाहिँनी तपाईंको पावर छैन। पानी पम्प चल्दैनन्। घर माथि पानी चढाउने स्थिति छैन। १३२ के.भी. को प्रसारण लाइन लिने भनेर २०६८।०६९ को ठेक्का हो। तर राज्य ठुलो हो कि त्यो चाहिँनी तपाईंको वन मन्त्रालय ठुलो हो त्यो छुट्याउन सकिएन। कि आरक्षणले तपाईंको चाहिँ टावर बनाउन दिएको छैन। जमिन दिनुपर्ने। पैसा तिर्नुपर्ने। यस्तो खालको ऐन बनाएको रहेछ। त्यसैले म विशेष के आग्रह गर्न चाहन्छु भन्दाखेरि कर्णाली प्रदेशको करिब २२ हजार मेगावाट विद्युत उत्पादन गर्ने छ अहिलेसम्म कुनै पनि ठुला खालका विद्युत आयोजनाहरू उत्पादित भएका छैनन्। नाम सुनेको चौध पन्ध्र वर्ष भइसक्यो। अपर कर्णाली अहिले पनि त्यो चालु छैन। गर्ने खालको देखिँदैन। त्यस्तै अहिले सुर्खेतभित्रका मिनरल वाटरका कारखानाहरू पनि बन्द भएर पानीलाई चाहिँनी गर्न नसक्ने भएर नेपालगञ्जबाट अहिले पानी लिनु परेर खानु पर्ने बाध्यता भएको छ। किनभने त्यो विद्युत अहिलेसम्म चाहिँ हावा लाग्ने बित्तिकै हप्तौं दिनसम्म अवरोध भएको छ।

त्यसैले म सम्माननीय अध्यक्षमार्फत माग गर्न चाहन्छु कि कर्णाली प्रदेशको राजधानीलगायतका थुप्रै जिल्लाका जुन सबै जिल्लाका एउटै समस्या हो। त्यो विद्युतीय समस्या हो त्यो छिटो भन्दा छिटो राज्यले त्यसको हल गरोस्। यी कुरा राख्दै म आफ्नो भनाई अन्त्य गर्दछु। हवस् त अभिवादन। लाल सलाम।

(१४:४६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्नेक्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, सभाको बैठकमा माननीय सदस्यहरूले आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशिक सरोकारका समयमा

नागरिक सरोकारका विषय र समस्यका सम्बन्धमा विषयहरू उठान गर्ने र नेपाल सरकारका सम्बन्धित मन्त्रीहरूको जवाफ आउनु पर्ने विषय राखिरहनु भएको छ। सभाको नियमावलीमा यस्ता विषयका जवाफ सम्बन्धित मन्त्रीले तोकिएको समयमा दिनुपर्ने व्यवस्था समेत गरेको छ। र सम्बन्धित मन्त्रीले जवाफ दिने तालिका समेत सचिवालयले सम्बन्धित मन्त्रालयमा पठाएको छ। तर यस्ता जल्दाबल्दा विषयको तोकिएको समयमा सभामा उपस्थित भइ जवाफ दिने अभ्यास त्यति प्रभावकारी हुन सकेको छैन। म नेपाल सरकार र सम्बन्धित मन्त्रीहरूलाई सभामा उठेको विषयहरूको समय मै जानकारी लिई तोकिएकै समयमा सभामा जावाफ दिनुहुन गम्भीर ध्यानाकर्षण गराउँछु।

मानननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधन माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:४८ बजे) **माननीय सञ्चार तथा सुचना प्रविधि मन्त्री रेखा शर्मा**:- सम्मानननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधन माथि छलफल गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:४८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले प्रस्तुत गर्नुभएको सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधन माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। यस क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषङ्गिक दफाहरूमा माथि छलफल गर्न सकिने बेहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनुहुन माननीय सदस्यहरूले आआफ्नो नाम तीन मिनेटभित्र अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधन माथि छलफल गरियोस् भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यहरूबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरीयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:५१ बजे) **<u>माननीय सञ्चार तथा सुचना प्रविधि मन्त्री रेखा शर्मा</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:५१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हन्छ" भन्नुहोस्।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

- हुन्न भन्ने आवाज सुनिएन तसर्थ सुरक्षण मुद्रणसम्बन्धी विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार ०९ गते आइतवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल असार ०९ गते आइतवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः ०२:५२ बजे।**